का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ चैत २०७९,
आइतबार
19 March 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक ५३ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com




# मर्यादा भुलेका सभामुख

सभामुख जस्तो गरिमामय र तटस्थ संवैधानिक कर्तव्य निर्वाह गर्नुपर्ने पदमा बसेर घिमिरेले गैरजिम्मेवार अभिव्यक्ति दिएका छन् । उनको टिप्पणीलाई लिएर सरोकारवालाहरूले गम्भीर आपत्ति जनाएका छन् ।

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, ४ चैत ।

सभामुख देवराज घिमिरे पत्रकारहरूमाथि गम्भीर आरोप लगाएका छन् । सभामुख जस्तो गरिमामय र तटस्थ संवैधानिक कर्तव्य निर्वाह गर्नुपर्ने पदमा बसेर घिमिरेले तल्लो स्तरको अभिव्यक्ति दिएपछि सरोकारवालाहरूले गम्भीर आपत्ति जनाएका छन् । नेपाल पत्रकार महासंघले शनिवार विज्ञपति नै निकालेर सभामुख घिमिरेलाई आफ्नो अभिव्यक्ति पुष्टि गर्न वा सच्याउन आग्रह गरेको छ ।

शुक्रबार उनलाई भेट्न सिंहदरबारस्थित संसद सचिवालय पुगेको पत्रकार महासंघ प्रतिनिधिमण्डलसँग कुरा गर्ने क्रममा सभामुख घिमिरेले पदीय मर्यादा बाहिरका गैरजिम्मेवारी टिप्पणी गरेका थिए । 'पत्रकारहरुले जति जिम्मेवारीका साथ पत्रकारिता गर्नुपर्दथ्यो, त्यो खालको छैन । पित पत्रकारिता अहिले पनि निकै डरलाग्दो गरी छ । जे जे कारणले भए पनि तिनीहरु प्रभावित छन् । अझ भन्ने हो भने बिक्रीमा छन् पत्रकारहरु' पत्रकारहरूमाझ रहेर सभामुख घिमिरेले भनेका थिए । उनले अझ अगाडि बढेर 'पत्रकारहरु बिक्रीमा छन् । संघ (पत्रकार महासंघ) बिक्रीमा छ भन्यो सभामुखले भन्लान कि भनेर मैले रोकि राख्नुपर्दैन' भनेका थिए ।

सभामुख जस्तो गरिमामय र तटस्थ संवैधानिक कर्तव्य निर्वाह गर्नुपर्ने पदमा बसेर घिमिरेले तल्लो स्तरको अभिव्यक्ति दिएको भन्दै सरोकारवालाहरूले गम्भीर आपत्ति जनाएका हुन् । आलोचना भएपछि सभामुखका प्रेस सल्लाहकार शेखर अधिकारीले वक्तव्यमा निकालेर 'आएका प्रतिक्रियाप्रति ध्यानाकर्षण भएको छ, सञ्चार क्षेत्रमा कतिपय विकृति पनि रहेको, त्यसलाई सुधार गर्नुपर्ने सन्दर्भमा व्यक्त धारणालाई अन्यथा नबुझिदिन अनुरोध' गरेका थिए ।

शनिवार विज्ञप्ति निकालेर पत्रकार महासंघले पत्रकारहरु बिक्रीमा रहेको असंवेदनशील टिप्पणीलाई तथ्यले पुष्टि गर्न, नत्र माफी माग्न भनेको छ । सार्वभौम संसदको मूल नेतृत्वको पदीय हैसियत र मर्यादाविपरीत भएको भन्दै महासंघका महासचिव रोसन पुरीले विज्ञप्तिमार्फत भनेका छन्, 'सार्वभौम संसद्को मूल नेतृत्वबाटै आफ्नो पदीय हैसियत र मर्यादाविपरीत सञ्चार क्षेत्रप्रति आधारहीन र आपत्तिजनक अभिव्यक्ति प्रकट हुनु अत्यन्त दुःखद छ ।'

सभामुखको अभिव्यक्तिप्रति तत्काल नै महासंघको नेतृत्वले सभामुखको सचिवालयमार्फत ध्यानाकर्षण गराएको र सभामुखबाटै उक्त अभिव्यक्ति फिर्ताका लागि आग्रह गरेको थियो । तर, सचिवालयबाट सामान्य प्रकरणबाहेक सभामुखको आधिकारिक धारणा आउन नसकेको पृष्ठ २ मा



**रोसन पुरी**
महासचिव, नेपाल पत्रकार महासंघ

सार्वभौम संसद्को मूल नेतृत्वबाटै आफ्नो पदीय हैसियत र मर्यादाविपरीत सञ्चार क्षेत्रप्रति आधारहीन र आपत्तिजनक अभिव्यक्ति प्रकट हुनु अत्यन्त दुःखद छ ।



**शेखर अधिकारी**
प्रेस सल्लाहकार, सभामुख

...आएका प्रतिक्रियाप्रति ध्यानाकर्षण भएको छ, सञ्चार क्षेत्रमा कतिपय विकृति पनि रहेको, त्यसलाई सुधार गर्नुपर्ने सन्दर्भमा व्यक्त धारणालाई अन्यथा नबुझिदिन अनुरोध गर्दछु ।

# आजबाट कांग्रेस सत्तापक्ष

सत्तापक्ष भएको औपचारिक निर्णय लिन कांग्रेसले केन्द्रीय कार्यसम्पादन समिति बैठक बोलाएको छ । लगत्तै कांग्रेस संसद् भवनमा गएर सत्तापक्षको बेन्चमा बस्नेछ ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ४ चैत ।

नेपाली कांग्रेस आज (आइतबार) बाट सत्तापक्ष हुँदैछ । गत ४ मंसिरमा सम्पन्न चुनावपछिको शपथ ग्रहणका क्रममा ७ पुसको प्रतिनिधिसभामा कांग्रेस सत्तापक्षको बेन्चमा बसेको थियो । तर, १० पुसमा एमाले र माओवादी मिलेर सरकार बनाएपछि कांग्रेस प्रतिपक्षी बेन्चमा पुग्यो । प्रतिपक्षी बेन्चबाटै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएको नेपाली कांग्रेसले यसबीचमा आफूलाई सत्तापक्षकै बेन्चमा राख्न निकै मेहनत गर्नुपर्यो । प्रचण्डलाई एमाले र राप्रपासमेतको समीकरणबाट फुत्काएर कांग्रेसले आफू नेतृत्वको गठबन्धनमा सामेल गराएको छ ।

१० पुसमा प्रचण्ड नेतृत्वमा एमाले समेतको सरकार बनेपछि कांग्रेसले केन्द्रदेखि सातै प्रदेशको नेतृत्व गुमाएको थियो । तर, प्रचण्डलाई आफ्नो कित्तामा पार्दै कांग्रेसले राष्ट्रपतिमा आफ्नो उम्मेदवार रामचन्द्र पौडेललाई निर्वाचित गराइसकेको छ । आज



संसद्मा सत्ता पक्षमा बस्ने र सरकारमा सामेल हुने कांग्रेसको तयारी छ । साथसाथै प्रदेश सरकारमा समेत कांग्रेस सहभागी हुनेछ ।

सत्तापक्ष भएको औपचारिक निर्णय लिन कांग्रेसले केन्द्रीय कार्यसम्पादन समिति बैठक बोलाएको छ । कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले समसामयिक राजनीतिक घटनाक्रमका बारेमा छलफल गर्न आइतबार बिहान बैठक आह्वान गरिएको जानकारी दिए । बैठक बिहान १०:३० बजे नयाँबानेश्वरस्थित संघीय संसद् भवनको शंकर हलमा बस्नेछ । लगत्तै कांग्रेस संसद् भवनमा गएर सत्तापक्षको बेन्चमा बस्नेछ ।

यो सँगै संसद्मा विवादका रुपमा रहेको प्रमुख विपक्षी दलको नेताको समेत टुंगो लाग्नेछ । प्रधानमन्त्रीलाई विश्वासको मत दिएको भनेर नेपाल मजदुर किसान पार्टीले दाबी गर्दै आएको प्रमुख विपक्षी दलको नेताको दाबी स्वत निष्कृय भएको छ । सरकार निर्माणमा भूमिका खेलेको र सरकारमा सहभागी नै भएको नेकपा एमाले र राप्रपा सरकारबाट पृष्ठ २ मा

# प्रधानमन्त्रीलाई १० दलको समर्थन

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ४ चैत ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले प्रतिनिधिसभामा रहेका १२ मध्ये १० दलको समर्थन पाउने भएका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा शनिवार बसेको १० दलको बैठकले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने सहमति गरेको हो ।

प्रधानमन्त्रीलाई समर्थन गर्ने निर्णय गर्ने दलहरु हुन - नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी, जनमत पार्टी, राष्ट्रिय जनमोर्चा, नागरिक उन्मुक्ति पार्टी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी र आम जनता पार्टी ।

प्रधानमन्त्रीका स्वकीय सचिव गंगा दाहालका अनुसार आइतबार संसदमा प्रस्तुत गर्ने संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा पनि एकमतका साथ प्रस्तुत हुने सहमति पनि बनेको छ । सरकारले संसदमा बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयक प्रस्तुत हुन लागेको छ । 'बैठकमा संसदमा प्रस्तुत गर्ने विधेयक र सरकारले लिने विश्वासको मतमा एकमतका साथ प्रस्तुत हुने सहमति बनेको छ,' उनले सामाजिक सञ्जालमा लेखेकी छन् ।

यसअघि गत पुस २६ गते प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिँदा पृष्ठ २ मा





प्रतिनिधिसभाको बैठकमा संसदमा प्रस्तुत गर्ने विधेयक र सरकारले लिने विश्वासको मतमा एकमतका साथ प्रस्तुत हुने सहमति बनेको छ ।

**गंगा दाहाल**
प्रधानमन्त्रीका स्वकीय सचिव

## वैदेशिक रोजगार विशेष

# कोटा प्रणालीले मलेसियाको डिमाण्ड गुम्ने डर
# सचेत रहन दूतावासलाई संघको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ चैत

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियाले आफ्नो मुलुकमा कामदार आपूर्ति गर्ने श्रोत मुलुकलाई कोटा प्रणाली निर्धारण गर्दा नेपालको अहित हुनसक्ने भन्दै सचेत भई कूटनीतिक पहल गर्न माग गरेको छ ।

संघको अन्तर्राष्ट्रिय सम्वन्य समिति संयोजकको जिम्मेवारी लिएका प्रथम उपाध्यक्ष डिकबहादुर खत्री (कुमार)सहितको नेपाली व्यवसायीको एक प्रतिनिधिमण्डलले मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेलसँग भेट गरी उक्त माग गरेको हो । भेटमा संघ प्रतिनिधिमण्डलले मलेसियाको समग्र रोजगारी, नेपाली कामदारका सेवा, सुरक्षा र साझा चासोका विषयलाई सहजीकरण गर्न आग्रह गरेको संघका महासचिव मेघनाथ भुर्तेलले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

संघले मागपत्र प्रमाणीकरण गर्दा अनलाइन प्रणालीलाई विस्तार गर्नुपर्ने, अनलाइन प्रणाली विस्तार नहुँदासम्म सेयर लगत वा वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)ले सञ्चालन भनी प्रमाणित गरेका म्यानपावर कम्पनीका सञ्चालकले मागपत्र सब्मिसन गर्न पाउने व्यवस्था गर्न माग गरेको छ । प्रतिनिधिमण्डलले हप्तामा पाँच दिन मागपत्र प्रमाणीकरण गर्ने काउन्टर खुला राख्नुपर्ने माग पनि गरेको छ ।

यस्तै संघ प्रतिनिधिमण्डलले मलेसियाको श्रमिक ऐनले तोकेको आधारभूत तलब १५ सय रिँगेट बाहेक अन्य सेवा सुविधा मलेसियाको श्रम कानूनअनुसार हुने विषय भएकोले त्यसलाई दुईअर्थ नलाग्ने गरी पारदर्शीरूपमा सार्वजनिक गर्नुपर्ने माग गरेको छ ।

त्यसैगरी संगठित क्षेत्रमा महिला कामदारलाई खुला गरिनुपर्ने, मेडिकल अनफिट कामदारको संख्या अस्वभाविकरूपमा बढेकाले मेडिकल गर्ने संस्थाको गुणस्तरमा नै प्रश्न खडा पृष्ठ २ मा

# अघि बढ्यो टिआरसी

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, ४ चैत ।

आइतबार बस्ने प्रतिनिधिसभा बैठकको लागि संघीय संसद सचिवालयले सम्भावित कार्यसूची तयार पारेको छ । सम्भावित कार्यसूची अनुसार सङ्क्रमणकालीन न्याय र संवैधानिक परिषद्सम्बन्धी विधेयक पेश हुनेछ ।

संवैधानिक परिषद्सम्बन्धी विधेयकमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवालले विरोधको सूचना दिएका छन् भन वेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग विधेयकमा राप्रपाका ज्ञानबहादुर शाही र नेमकिपाका सुवालले विरोधको सूचना दिएका छन् ।

सुरुमा विरोधको सूचना निर्णयार्थ पेश हुनेछ, त्यसपछि प्रधानमन्त्रीले विधेयक पेश गर्ने प्रस्तावित कार्यसूची छ । सभामुख घिमिरेले शनिबार गरेको छालफलमा कांग्रेस, एमाले र माओवादी केन्द्रका प्रमुख सचेतकहरु दुबै विधेयक भोलि आइतबारकै संसद बैठकमा पेश गर्न सहमत भएका छन् ।

तर सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक छलफलका लागि संसदीय समितिमा पठाउनुपर्ने एमाले प्रमुख सचेतक गिरीले बताएका छन् । बैठकपछि उनले सञ्चारकर्मीहरूसँग भने, 'हतारहतार पारित गरेर जान हुन्न, छलफलका लागि समितिमा पठाउनुपर्छ ।'

कांगेस प्रमुख सचेतक लेखकले पनि यो विधेयक पास गर्नुपर्छ भन्नेमा कसैको विमति नभएको, पृष्ठ २ मा

**UAE को प्रतिष्ठित कम्पनीमा HOUSE KEEPING CLEANER र CAR WASH मा रोजगारको अवसर**

कम्पनी: EHK CLEANING SERVICES LLC

पूर्व स्वीकृत मिति: २०२१/११/३० | चलानी नं.: ६०१६९२३५ | LT. No.: 252533 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | CLEANERS (For House Keeping & Car Wash) | 75 | 0 | स. काममा दक्ष | 1350 | ४८,४३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता २०७९ चैत ७ गते, मंगलवार (Tuesday, 21 March 2023) मा मेनपावर कार्यालय काठमाडौंमा हुनेछ ।

(साथै DUBAI कै लागि CAR WASH पदको INTERVIEW समेत २०७९ फागुन 30 गते (12 March 2023) काठमाडौं अफिसमा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

नोट: CAR WASH (Cleaner) को लागि सम्बन्धीत काममा अनुभव हुनुपर्ने छ ।
HOUSE KEEPING (Cleaner) को लागि सामान्य अंग्रेजी र हिन्दी बोल्न सक्ने हुनुपर्नेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.**
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175502 | 9801175503
श्रम इजाजत नं. ६३८/०६३/०६४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

५ चैत २०७९, आइतबार
19 March 2023, Sunday

# तामझाम तोड्दै कुमारी घरमा राष्ट्रपति



**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ चैत

केही समयअघि निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको सवारीका बेला सडक खाली गर्ने क्रममा ट्रमा सेन्टरका चिकित्सकमाथि कुटपिट भयो । कर्मचारीको कुटपिटपछि चिकित्सकहरुले आन्दोलन नै गरे । उक्त घटनालाई लिएर राष्ट्रपतिविरुद्ध जनआक्रोश पोखियो ।

त्यस्तै गत फागुन ६ गते महाशिवरात्रीको अवसरमा निवर्तमान राष्ट्रपति भण्डारी पशुपतिनाथको दर्शनमा जाँदा उनीविरुद्ध नाराबाजी नै भएको थियो ।

राष्ट्रपतिकै सवारीका कारण बिरामी समयमै अस्पताल पुग्न नसकेका, स्कुल हिँडेको विद्यार्थी समयमै स्कुल पुग्न नसकेका र आम सर्वसाधरणले सास्ती पाएका धेरै उदाहरण छन् । राष्ट्रपतिमा निर्वाचित भएपछि पशुपतिनाथको दर्शन गर्न जाँदा सडक जाम भएपछि रामचन्द्र पौडेलको आलोचना गरिएको थियो ।

तर शनिबार भने राष्ट्रपति पौडेल वसन्तपुरस्थित कुमारी घर पुग्दा आम सर्वसाधरणले फरक अनुभव गरे । राष्ट्रपति पौडेले यसअघिको परम्परा तोड्दै सडक खाली नगराई वसन्तपुरस्थित कुमारी घर पुगे र जीवित देवी कुमारीको दर्शन गरे ।

शनिबार अपराह्न वसन्तपुरस्थित कुमारी घर पुगेका राष्ट्रपति पौडेलले कुमारीको दर्शन गरी प्रसाद ग्रहण गरेका उनका प्रेस संयोजक खिला कार्कीले जानकारी दिए । राष्ट्रपतिलाई कुमारी घरका अध्यक्ष गौतमरत्न शाक्य, प्रतिनिधि सभा सदस्य सपना राजभण्डारी, प्रदेश सभा सदस्य शैलेन्द्रमान बज्राचार्यलगायतले कुमारी घरमा स्वागत गरेका थिए । राष्ट्रप्रमुख भएपछि जीवित देवी कुमारीको दर्शन गर्न जाने परम्पराअनुसार राष्ट्रपति पौडेल कुमारी घर पुगेका हुन् । राष्ट्रपति पौडेल कुमारीको दर्शन गर्न जाँदा सडक खाली नगरी गएका थिए ।

कुमारीको दर्शनपछि राष्ट्रपति पौडेलले प्रसाद ग्रहण गर्नुका साथै कुमारी घरमा चियापान गरेर फर्किएका थिए । राष्ट्रपति पौडेलले पहिलोपल्ट कुमारी घरमा चिया पिएका हुन् । यसअघि राष्ट्रप्रमुखले कुमारी घरमा चिया पिउने चलन थिएन ।

यसअघि शनिबार कुमारी घरको प्रतिनिधिमण्डलले राष्ट्रपति निवास शीतलनिवास पुगेर राष्ट्रपति पौडेललाई बधाई दिएको थियो । कुमारी घरमा हरेक महिनाको दशमीको दिन जीवित देवी कुमारीको पूजा हुने र एकादशीका दिन राष्ट्रप्रमुखसमक्ष सो पूजाको प्रसाद पुऱ्याउने परम्परा छ । पौडेल गत फागुन २५ गते राष्ट्रपतिमा निर्वाचित भएका थिए ।

## पत्रकारको न्यूनतम पारिश्रमिक बढाउन माग

**काठमाडौं /मस-** नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले श्रमजीवी पत्रकारको हाल कायम रहेको न्यूनतम पारिश्रमिक अत्यन्त न्यून भएको भन्दै दोब्बर बनाउन सरकारसँग माग गरेको छ । महासंघको दुई दिनसम्म बसेको बैठकपछि शनिबार घोषणापत्र जारी गर्दै सञ्चारकर्मीलाई दैनिक जीवन निर्वाह गर्नसमेत असहज भएको भन्दै हाल पाइरहेको पारिश्रमिकलाई दोब्बर बनाउनुपर्ने माग गरेको हो ।

'साना तथा स्वरोजगारमूलक सञ्चारमाध्यमको अवस्था कमजोर हुँदै गएको अवस्थामा हाल प्रदान गरिँदै आएको लोककल्याणकारी विज्ञापनवापतको रकमलाई दोब्बर बनाउन महासंघ काठमाडौं शाखा यस घोषणपत्रमार्फत सरकारसँग विशेष माग गर्दछ', घोषणापत्रमा भनिएको छ ।

महासंघले अनलाइन सञ्चारमाध्यमलाई पनि लोकल्याणकारी विज्ञापन प्रदान गर्ने भनिए पनि कार्यविधि अभावका कारण हालसम्म कार्यान्वयन हुन नसकेको बताउँदै कार्यविधि बनाएर कार्यान्वयनमा ल्याउन अनुरोध पनि गरेको छ ।

बैठकले सरकारबाट साना तथा स्वरोजगारमूलक सञ्चारमाध्यमलाई प्रदान गरिँदै आएको सहुलियतपूर्ण ऋणलाई रू १० लाखबाट बढाएर रू २५ लाख बनाउनुपर्नेमा जोड दिएको छ । सरकारले पत्रकारका लागि लागु गरेको दुर्घटना बीमाको प्रक्रियालाई सरलीकरण गर्नुपर्ने र त्यसलाई बीमामा रुपान्तरण गर्नुपर्ने महासंघको भनाइ छ ।

## सुनवल प्रेस क्लब गठन, अध्यक्षमा भुसाल

**पश्चिम नवलपरासी /मस-** क्रियाशील पत्रकारिता तथा सञ्चार क्षेत्रमा आवद्ध पत्रकारहरुको साझा थलोका रुपमा पश्चिम नवलपरासीको सुनवलमा सुनवल प्रेस क्लब गठन गरिएको छ । शनिबार सुनवलमा सम्पन्न पत्रकार तथा सञ्चारकर्मीको भेलाले पत्रकार रमेश भुषालको अध्यक्षतामा ९ सदस्यीय समिति गठन गरेको हो ।




क्लबको उपाध्यक्षमा नारायण सुवेदी, महिला उपाध्यक्षमा कल्पना खरेल, सचिवमा प्रदिप पाठक, सह-सचिवमा पुजा लम्साल, कोषाध्यक्षमा दिपक खनाल, सदस्यहरुमा नन्दलाल कवर, रेशम अधिकारी, विमल भट्टराई सर्वसम्मत चयन भएका छन् । आवाजविहीनहरुको आवाजलाई बुलन्द रुपमा उठाउन सामूहिकताको खाँचो रहेकाले क्लब गठन गरिएको अध्यक्ष भुसालले बताए । संचार क्षेत्रमा सत्ता र शक्तिको आड लिएर व्यक्तिको देवत्वकरण गर्ने प्रवृति मौलाएको जनाउँदै उनले भने, 'हामी जनसरोकारका मुद्दालाई ओझेलमा पर्न दिँदैनौं ।'

सामाजिक सरोकारका विषयमा अन्तरक्रिया गर्ने, ज्येष्ठ पत्रकारलाई सम्मान, नयाँलाई अवसर दिलाउनका साथै पत्रकारको हकहित र व्यावसायिकतामा लागिपर्ने भुसालको भनाइ छ ।

क्लबको आगामी प्रक्रियाका लागि उपाध्यक्ष नारायण सुवेदीको संयोजकत्वमा पाचँ सदस्यीय विधान समिति र कोषाध्यक्ष दिपक खनालको संयोजकत्वमा आर्थिक समिति गठन भएको सचिव प्रदिप पाठकले जानकारी दिए ।

### आजबाट...

बाहिरिइसकेको छ । दुवै दलले सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएका छन् । यो सँगै नेकपा एमाले प्रमुख विपक्षी दल हुने भएको छ । एमालेले यसअघि नै विपक्षी दलको मान्यता माग गर्दै संघीय संसद् सचिवालयलाई पत्र लेखिसकेको छ । महासचिव शंकर पोखरेलले संघीय संसद् सचिवालयका महासचिव डा. भरतराज गौतमलाई सम्बोधन गर्दै पत्र लेखेर विपक्षी दलको मान्यता दिन माग गरेका हुन् ।

सचिवालयका प्रवक्ता एकराम गिरीले विपक्षी दलको मान्यता दिन आग्रह गर्दै पत्र आएको पुष्टि गरे । 'गृहसचिवज्यूलाई सम्बोधन गरेर पत्र आएको छ' उनले भने । गत फागुन १५ गते पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको एमालेले प्रतिनिधिसभामा आफूलाई विपक्षी दलको मान्यता दिनुपर्ने माग गरेको हो । यसअघि नेपाली कांग्रेसले विपक्षी दलको मान्यता दिन माग गर्दै आइरहेको थियो । तर, प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएकाले सचिवालयले औपचारिक रुपमा कांग्रेसलाई विपक्षी दलको मान्यता दिएको थिएन । यद्यपि, कांग्रेस प्रतिनिधिसभा बैठकमा विपक्षी दलको बेन्चमा बस्दै आइरहेको थियो । अब कांग्रेस प्रतिपक्षी बेन्चमा बस्ने भएपछि प्रमुख विपक्षी दलको मान्यताको विवादको पनि स्वत टुंगो लाग्नेछ ।

### मर्यादा...

महासंघले जनाएको छ । 'महासंघ जन निर्वाचित संसद् र त्यसको नेतृत्व नेपालको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा पूर्ण प्रतिवद्ध भएको व्यवहारमा देख्न चाहन्छ । साथै आफ्ना आरोपहरू पुष्टि गर्न वा आधारहीन आरोप फिर्ता लिई सञ्चार क्षेत्रको संवैधानिक अधिकार र स्वतन्त्रताप्रति पूर्ण प्रतिवद्धता जनाउन सभामुख समक्ष आग्रह गर्दछ' विज्ञप्तिमा उल्लेख छ ।

### प्रधानमन्त्रीलाई...

नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र लगायतले पनि विश्वासको मत दिएको थियो । यी दलहरू पनि सरकारमा सहभागी थिए । तर, एमाले र राप्रपा सरकारबाट बाहिरिइसकेको छ । दुवै दलले सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएका छन् । यसकारण प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिन लागेका हुन् । १० पुसमा ५ दलीय गठबन्धनबाट प्रचण्ड प्रधानमन्त्री बनेका थिए । यसबीचमा फेरिएको समीकरण अनुसार प्रचण्डले १० दलको समर्थन प्राप्त गर्ने भएका छन् ।

### कोटा...

भएकाले सम्बन्धित निकायलाई बोलाएर स्पष्टीकरण सोध्नुपर्ने विषय संघले उठाएको छ । नेपाली म्यानपावर कम्पनी र मलेसियास्थित रोजगारदातासँग सिधा सम्बन्ध स्थापित गर्ने उद्देश्य राखेर संघले मलेसियामा रोजगारसम्बन्धी सम्मेलन 'जब फेयर' गर्नु आवश्यक रहेको उल्लेख गर्दै बरुनाईमा रहेका नेपाली कामदारको राहदानी नवीकरण अत्यन्त खर्चिलो रहेकाले त्यसका लागि वैकल्पिक उपाय खोजिनुपर्ने मागसमेत गरेको छ ।

भेटघाटमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका निवर्तमान अध्यक्ष नरेन्द्रप्रसाद ढकाल र संघमा मलेसियाको वैदेशिक रोजगारका विषयमा उत्पन्न समस्या समाधानका संयोजक अनिल राई सहभागी रहेका थिए ।

### अघि...

तर विषयवस्तुमा केही मतहरु रहेको बताए । उनले भने, 'यसबारे छलफल गरेर टुंगोमा पुग्न सकिन्छ ।' संसदको आइतबारको बैठकमा प्रतिनिधिसभा नियमावलीको मस्यौदा समितिको प्रतिवेदन समेत पेश हुनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/१२/०५**

**शेरशाह कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** को सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एलिम इन्फ्रास्ट्रक्चर प्रा.लि. (प्रा.लि.नं.: २८९००८)** कायम गर्ने गरी मिति २०७९/११/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



# Invitation for Bids

## Tripurasundari Rural Municipality

**Salyantar, Dhading**

**Invitation for Bids (E-Bidding only)**

**Date of Publication: 2079/12/05**

Office of Tripurasundari Rural Municipality Salyantar, Dhading invites electronic bids from eligible bidders for following works under following procedures.

| SN | Contract No. / Bid No. | Description of Works | Estimated Amount (without VAT & contingency) (NRs) | Bid Security Amount valid for 120 days (NRs.) | Bid Document Fee | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | TRM/ Dhading/ 08/079 /080 | Aginchowk - Churetar - PHC Road Improvement Works. | 51,52,369/- | 1,50,000/- | 3000 | 2080/01/04 12:00 |
| 2 | TRM/ Dhading/ 09/079 /080 | Siktar - Birta - Sunpokhari Road Improvement Works. | 48,02,564/- | 1,50,000/- | 3000 | |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Tripurasundari Rural Municipality, Salyantar, Dhading or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp .
2. Bidder, shall submit their bid electronically, may download the bidding documents from PPMO's e-GP , deposit the cost of bidding document for each contract (nonrefundable) in the Office's account at Nepal Investment Mega Bank, Tripurasundari Branch, Dhading, Account no.: 16701400000116 and bids must be submitted through PPMO's e-GP system on or before deadline..
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 PM of same day of last date of bid submission, at Office. Bids must be valid for a period of [90 days] after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid or may deposit in Office's account as specified below Information to deposit the Bid security amount in Nepal Investment Mega Bank, Tripurasundari Branch, Dhading, Account no.: 16701400000178.
4. Other information not mentioned above shall be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
5. Tripurasundari Rural Municipality Salyantar, Dhading reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason whatsoever.

**Chief Administrative Officer**





# Invitation for Bids

## Agriculture Development Office

**Dailekh**

**Invitation for Electronic Bids for the Supplying, Delievering and fitting of Cold Room Chamber and other electrical equipments.**

**Contract Identification No: ADO/DAILEKH/NCB/GOODS/01/079-80**

**Date of publication: 05/12/2079 (19/03/2023)**

1. Agriculture Development Office, Dailekh invites electronic bids from eligible bidders for the procurement of **Supplying, Delievering and fitting of Cold Room Chamber and other electrical equipments** under National Competitive bidding procedures specified in Public Procurement Act and Regulation.

| S.N | Contract No | Description of Work | Estimated Amount (without VAT and P.S.) (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity Period | Bid Document Fee (Non Refundable) |
|---|---|---|---|---|---|---|
| 1 | ADO/Dailekh/NCB/ GOODS/01/079-80 | Supplying, Delievering and fitting of Cold Room Chamber and other electrical equipments | 71,72,459.25/- | 2,10,500/- | (90+30) Days | NRs. 3,000/- |

2. Eligible bidders may obtain further information and inspect the bidding documents electronically at the website of Public Procurement Monitoring Office, e-GP System: www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit **NRs. 3000.00** for the cost of bidding document in the following bank.

   Name of the Bank : **Rastriya Banijya Bank Limited**
   Name of the Office : Agricultural Development Office, Dailekh
   Revenue Account No. : **1000100201010006**
   Revenue Head No. : **14229**

4. Information to deposit the bid security amount in bank

   **Name of office** : Agricultural Development Office, Dailekh
   **Name of Bank** : Rastriya Baniyja Bank Ltd.
   **Security Deposit Account No** : 4080100202030000
   **Office Code No** : 3120167026 (Agricultural Development Office, Dailekh)

5. Interested Bidders are strictly instructed to submit their bid only one medium i.e. E-bid submission through e-GP System: www.bolpatra.gov.np/egp **on or before 12:00 (noon)** on **05/01/2080 (19th Apr, 2023)**.

   Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **2: 00 PM, 05/01/2080 (19th Apr, 2023)**.at the office of Agriculture Development Office Dailekh. Bids must be valid for a period of 90 days counting from the day of bid opening. Bids must be accompanied by a bid Security, which shall be valid for minimum.

**आज स्ववियु निर्वाचन**

# त्रिविद्वारा सहयोगको अपिल, चार क्याम्पसमा विद्युतीय मतदान

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ चैत



त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा सबैलाई सहयोग गर्न अपिल गरेको छ । त्रिविका स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्य सचिव पशुपति अधिकारीले विगत १४ वर्षदेखि हुन नसकेको स्ववियु निर्वाचनमा सफलतापूर्वक सम्पन्न गर्नका लागि सहयोग गर्न अपिल गरेका हुन् । उनले संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, सुरक्षाकर्मी, पत्रकार नागरिक समाज सबैलाई निर्वाचन सम्पन्न नहुन्जेलसम्म आवश्यक सहयोग गर्न अपिल गरेका हुन् ।

स्ववियु निर्वाचनमा अहिलेसम्म दुई आङ्गिक र केही सम्बन्धन प्राप्त क्याम्पसमा निर्विरोध निर्वाचित भइसकेको उनले जानकारी दिए । प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालयता नियमित हुन सकेको थिएन । ६० आङ्गिक र एक हजार ४० सम्बन्धन क्याम्पसमा स्ववियु निर्वाचन हुँदैछ ।

यसैबीच स्ववियु निर्वाचनमा मतदानका लागि चार आङ्गिक क्याम्पसले विद्युतीय मेसिन प्रयोग गर्ने भएका छन् । त्रिवि केन्द्रीय क्याम्पस, पुल्चोक इञ्जिनीयरिङ क्याम्पस, थापाथली इञ्जिनीयरिङ क्याम्पस र पूर्वाञ्चल इञ्जिनीयरिङ क्याम्पस धरानले मतदानमा विद्युतीय मेसिन प्रयोग गर्ने भएको स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्य सचिव प्रा. पशुपति अधिकारीले जानकारी दिए । ती सबै क्याम्पसमा रामलक्ष्मण इनोभेसन प्रालिका विद्युतीय मतदान मेसिन प्रयोग गरिनेछ । रामलक्ष्मण इनोभेसन प्रालिका सञ्चालक लक्ष्मण रिमालले विद्युतीय मतदानका लागि सबै तयारी पूरा गरिएको जानकारी दिए । उनकाअनुसार त्रिवि केन्द्रीय क्याम्पसमा १६, पुल्चोक इञ्जिनीयरिङमा १४, थापाथली इञ्जिनीयरिङ क्याम्पस र पूर्वाञ्चल इञ्जिनीयरिङ क्याम्पसमा १२/१२ विद्युतीय मेसिन प्रयोग गरिनेछ ।

उनले चार क्याम्पसमा मतपरिणाम सोही दिन सार्वजनिकसमेत हुने बताए । त्रिवि क्याम्पसमा ६२, पुल्चोक क्याम्पसमा ५८, थापाथली क्याम्पसमा ४१ र पूर्वाञ्चल क्याम्पसमा ४५ जना प्रत्यक्षतर्फका उम्मेदवार छन् । त्रिवि केन्द्रीय क्याम्पसमा तीन हजार तीन सय ३९, थापाथली क्याम्पसमा एक हजार सात सय ५०, पुल्चोक क्याम्पसमा दुई हजार छ सय ९९ र धरानमा एक हजार नौ सय ४१ मतदाता छन् ।

स्ववियु निर्वाचनमा अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष, सहसचिव तथा ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुँदैछन् । रामलक्ष्मण इनोभेसनका सञ्चालक रिमालले विद्युतीय मेसिनमा मतदाताले पहिले प्रत्यक्ष मतदान गरिसकेपछि समानुपातिकका लागि मतदान हुने बताए । उनका अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य तथा समानुपातिक गरी पाँच मतपत्र हुनेछन् । बिहान ८ देखि अपराह्न ४ बजेसम्मका लागि मतदानको समय तोकिएको छ ।

# मूलपानी क्रिकेट रङ्गशाला निर्माणलाई तीव्रता दिन आग्रह



**काठमाडौं/मस–** प्रतिनिधि सभा सदस्य सोविता गौतमले मूलपानी क्रिकेट रङ्गशाला निर्माणलाई तीव्रता दिन आग्रह गरेकी छिन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेतृसमेत रहेकी गौतमले शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री दाहालसँग भेट गरी मूलपानी क्रिकेट रङ्गशाला निर्माणलाई तीव्रता दिन आग्रह गरेकी हुन् । उनले प्रधानमन्त्रीसमक्ष आफू निर्वाचित भएको काठमाडौं निर्वाचन क्षेत्र नम्बर २ का विभिन्न समस्या पनि राखेकी थिइन् ।

सांसद गौतमले नेपालले क्रिकेटमा सफलता प्राप्त गरेको सन्दर्भमा सरकारले अर्को क्रिकेट मैदान जतिसक्दो चाँडो पूरा गरेर अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न योग्य बनाउनुपर्ने बताइन् । सोही अवसरमा प्रधानमन्त्री दाहालले मूलपानी क्रिकेट मैदान निर्माणलाई तीव्रता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# त्रिचन्द्रमा विद्यार्थी कुटपिट गर्नेलाई कारबाहीको माग

**काठमाडौं/मस–** नेपाल विद्यार्थी संघ(नेविसंघ)ले त्रिचन्द्र क्याम्पस हाताभित्र विद्यार्थीलाई कुटपिट गर्नेलाई पक्राउ गरी कारबाही गर्न माग गरेको छ । नेविसंघका केन्द्रीय अध्यक्ष दुजाङ शेर्पाले शनिबार एक विज्ञीप्त जारी गरेर स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनलाई विथोल्ने गरी विद्यार्थी कुटपिट गरिएको भन्दै दोषीलाई पक्राउ गरी कारबाही गर्न माग गरेका हुन् ।

'लामो समयपछि देशभर हर्षोल्लासका साथ सम्पन्न हुन गइरहेको स्ववियु निर्वाचनमा नेपालको सबैभन्दा पुरानो क्याम्पस त्रिचन्द्रमा स्ववियु निर्वाचनका लागि खटिएका निर्वाचन अधिकृतलाई धरपकड र लखेट्ने जस्ता अमर्यादित र निन्दनीय घटनाप्रति नेविसंघ खेद प्रकट गर्दछ', नेविसंघद्वारा जारी विज्ञीप्तमा भनिएको छ । त्रिचन्द्रमा विवेक बानियाँ, सुन्दर बडाल, यसमान विष्ट, अर्जुन पौडेल, केशरजङ्ग बम, महेश खनाल, विनोद देउवा, रोहित चौधरी, सुरेन्द्र विश्वकर्मा, सुवास खड्का, गोविन्द कोइराला, सृष्टि सुवेदी, आश्विन अधिकारीलगायत विद्यार्थी घाइते भएको नेविसंघले जनाएको छ ।

नेविसंघ स्ववियु निर्वाचन केन्द्रीय प्रचारप्रसार समितिका संयोजक डा. सन्तोष उपाध्यायले अपराधिक घटनामा सङ्लग्न व्यक्ति माथि छानबिन गरी यथाशीघ्र कानुनी कारबाहीको माग गरेका छन् । उनले स्ववियु निर्वाचन विथोल्नका लागि विभिन्न विद्यार्थी सङ्गठन लागेको आरोप लगाए । नेविसंघले आइतबार हुने स्ववियु निर्वाचनमा अमर्यादित क्रियाकलाप नगर्न र मतदान गर्न आउने विद्यार्थीलाई सुरक्षाको प्रत्याभूतिको दिलाउन गृह मन्त्रालयको ध्यानाकर्षण गरेको छ ।

# जुम्ला बहुमुखी क्याम्पसः अध्यक्षमा पाँच जनाको उम्मेदवारी

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, ४ चैत



स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को आज निर्वाचन हुँदैछ । सोहीअनुरुप साविकको कर्णालीको एकमात्र आंगिक क्याम्पस जुम्ला बहुमुखी क्याम्पसमा स्ववियु निर्वाचनको तयारी पूरा भएको छ । मतपत्र छपाई, परिचयपत्र वितरण, मतदानस्थलको व्यवस्थापन, सुरक्षा व्यवस्थालगायत सबै तयारी पूरा भएको निर्वाचन समितिका संयोजक तथा उपप्राध्यापक प्रकाशचन्द्र खत्रीले बताए । उनले विद्यार्थी संगठनहरु, जिल्लाको सुरक्षा समितिको संयुक्त बैठकले निर्वाचनका लागि छुट्टै आचारसंहिता बनाएको जानकारी दिए । निर्वाचनका लागि क्याम्पसका सम्पूर्ण संयन्त्र चलायमान बनाइएको पनि उनले बताए ।

निर्वाचनमा होमिएका विद्यार्थी संगठनहरुबीच कडा प्रतिस्पर्धा हुने अनुमान गरिएको छ । निर्वाचनका लागि आठ वटा विद्यार्थी संगठन र समूह दर्ता भएका छन् । अध्यक्ष पदमा पाँच जनाले उम्मेदवारी दर्ता गराएका छन् । अनेरास्ववियुबाट लोकेन्द्र बुढा नेतृत्वको प्यानल, अखिल (क्रान्तिकारी)बाट विष्णु भण्डारी नेतृत्वको प्यानल, नेविसंघबाट महेश हमाल नेतृत्वको प्यानल, राप्रवि संघबाट हरि थापा नेतृत्वको प्यानल र अखिल (क्रान्तिकारी) विप्लवबाट रमेश रावत नेतृत्वको प्यानलको उम्मेदवारी परेको छ । नेक्राविसंघले केही पद तथा स्वतन्त्र विद्यार्थी समूह र नेकपा एकीकृत समाजवादीको अनेरास्ववियुले केही पदमा उम्मेदवारी दिएका छन् ।

**विर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विर्तामोड, झापा**
**कोशी प्रदेश, नेपाल**

**विर्तामोड नगरपालिकाको जनहितमा जारी सन्देश**

- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर पालिकामा बुझाउने गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

# सव-इन्जिनियर घुससहित पक्राउ




**काठमाडौं/मस–** पोखरा महानगरपालिका २८ नं. वडा कार्यालयमा कार्यरत सव-इन्जिनियर प्रविन वि.क घुस रकमसहित पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट खटिएको टोलीले सव-इन्जिनियर वि.कलाई पोखरा महानगरपालिका वडा नं. १४ चाउथेबाट शुक्रबार घुस रकम १५ हजार रुपैयाँसहित पक्राउ गरेको हो ।

सव-इन्जिनियर वि.कले बाटो निर्माण कार्यमा जग्गा मिल्ने गरी बाटो लगिदिने भन्दै सेवाग्राहीसँग घुस लिएको अख्तियारले जनाएको छ । वि.कलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।

# गर्मीमा नगरपालिकाले बाँड्यो सिरक

**जनकपुरधाम/मस-**धनुषाको नगराराइन नगरपालिकाले गर्मीमा फाइबर सिरक वितरण शुरु गरेको छ । जाडोबाट जोगिन भन्दै वडा. नं. ७ का जेष्ठ नागरिक, दलित विपन्न तथा अपांगलाई सिरक वितरण गरिएको हो । वडाध्यक्ष सूर्यनारायण साहका अनुसार वडाका २०० भन्दा बढी नागरिकलाई सिरक वितरण गरिएको छ ।

वडाको अनुमानित सात लाख बजेटबाट ३०१ जेष्ठ नागरिक, दलित एवं अपांगलाई वितरण गर्ने काम भइरहेको छ । प्रति सिरक २ हजार २ सयको दरले खरिद गरिएको वडाध्यक्ष साहले बताए ।



लामो विवादको कारण माघ १८ गते नगरसभा नै भएको कारण विनियोजित बजेटबाट सिरक वितरण गर्न ढिलो भएको उनले बताए ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/१२/०५**

**एडभान्स एक्जिविशन सर्भिस प्रा.लि.** को मिति २०७९/११/२३ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भाजु इन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि. (प्रा.लि.नं.: २४९५३६)** कायम गर्ने गरी मिति २०७९/१२/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Panchakanya Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Lakuribhanjyang, Nuwakot**

**Invitation for Bids**

**First Date of publication:- 2079/12/05 BS. (2023/03/19 AD.)**

1. Invitation for Bids for the Following activities (Works) of Panchakanya Rural Municipality Respectively: First Date of publication:- 2079/12/05 BS. (2023/03/19 AD.)

| S N | Name of Project | Estimated Amounts Nrs. (with VAT) | Cost of Bidding Document NRs | Bid Security NRs | Bid Validity Period | Last Date of Submission of Bids | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Procurement of Laptop, Computer Set and Printer for the Schools of Panchakanya Rural Municipality Contract Id:- PRM/GOODS/10/079-080 | 9,57,000.00/- | 1,000.00/- | 28,000.00/- | 45 days | 2079/12/20 BS. 03/04/2023 AD. Time:- 12:00 | 2079/12/20 BS. 03/04/2023 AD. Time:- 13:00 | Sealed Quotation |

For more information, do visit www.panchakanyamun.gov.np or contact at **9851129068, 9841423004**.

**Chief Administrative Officer**



मध्यान्ह
www.madhyanhadaily.com
५ चैत २०७९, आइतबार
19 March 2023, Sunday

## सम्पादकीय

### प्रधानमन्त्री हिँड्नुपर्ने बाटो

बितेको तीन चुनावदेखि तेस्रो शक्ति भन्दा माथि उठ्न नसकेको नेकपा माओवादी केन्द्र यसपटक सत्ता राजनीतिको मुख्य दल बन्न पुगेको छ । यसअघि पनि तेस्रो शक्तिका हैसियतमा माओवादी केन्द्र सरकार निर्माणको निर्णायक शक्ति नै थियो । तर नेपाली कांग्रेस र नेकपा एमालेको सहयोगी शक्ति बन्ने गरेको थियो । २०७० को चुनावपछि तेस्रो शक्तिकै हैसियतमा प्रचण्ड एकपटक प्रधानमन्त्री बने । ०७४ को चुनावपछि पनि आलोपालोमा प्रधानमन्त्री बन्न चाहेका थिए । तर तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विग्रहका कारणले प्रचण्ड प्रधानमन्त्री हुन सकेनन् । एमालेका अध्यक्ष केपी शर्मा ओलीले आलोपालो प्रधानमन्त्रीको सहमति पालना नगरेकाले प्रचण्ड नभएर कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भए । तर यसपटक भने प्रचण्डले कसैलाई पनि प्रधानमन्त्री स्वीकारेनन् । कांग्रेससँग सहकार्यमा चुनाव जितेका प्रचण्ड एमालेको समर्थनमा प्रधानमन्त्री भए । तर एमालेसँग दुई महिना पनि बसेनन् ।

राष्ट्रपतिको चुनावमा गठबन्धन बदलेर फेरि कांग्रेससँगै फर्किएका छन् । २७५ मध्ये ३२ सिट मात्रै जितेको माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले गठबन्धन बदल्दै गर्दा आफूलाई यसअघिका भन्दा शक्तिशाली महशुस गरेको अनुभूति दिलाउन खोजिरहेका छन् । संसदीय समीकरणको लाभ उठाएर प्रचण्ड २०६५ र २०७३ मा प्रधानमन्त्री बन्दा भन्दा यसपटक पार्टीका तर्फमा धेरै निर्णय गराएर शक्तिशाली बनेको देखाउन खोजेको पनि लुक्दैन । त्यसको बलियो उदाहरण हो, १ फागुनमा जनयुद्ध दिवस मनाउन सार्वजनिक विदा दिने निर्णय । प्रधानमन्त्री प्रचण्ड यतिमै सीमित भएका छैनन् । १० पुसमा प्रधानमन्त्री बन्न साथ दिएको एमाले, राप्रपा र स्वावपा सरकारबाट बाहिरिएको मौका पारेर प्रचण्डले माओवादी विद्रोहमा ज्यान गुमाएकाहरूलाई शहीद घोषणा गर्ने निर्णय लिएका छन् ।

१५ फागुनको निर्णयअनुसार, राजपत्रमा माओवादीले शहीद मान्दै आएकाहरूलाई राष्ट्रिय शहीद घोषणा गरिएको सूचना प्रकाशन भएको छ । जनयुद्ध दिवसको सार्वजनिक विदा दिने र जनयुद्धमा ज्यान गुमाउनेहरूलाई राष्ट्रिय शहीद घोषणा प्रचण्ड नेतृत्वको सरकारले गर्नु उनको पार्टीका निम्ति चानचुने सफलता होइन । तर माओवादी विद्रोहको उद्देश्य यति मात्रै चाहिँ होइन । नागरिकले अनुभूति गर्नेगरी सुशासनको अनुभूति र जीवनपद्धती परिवर्तनको आभास दिलाउनु सरकार र प्रधानमन्त्री प्रचण्डको दायित्व हो । त्यो संविधानमा आधारित भएर गर्नुपर्नेछ । तर प्रधानमन्त्री प्रचण्डले एकपछि अर्को घोषणा र निर्देशनमा रमाइरहेका छन् । पक्कैपनि घोषणा र निर्देशनको अर्थ हुन्छ, तर त्यो सम्पूर्णता होइन । व्यवस्था, संविधान र स्वयम् माओवादीको शक्ति बृद्धिका निम्ति प्रचण्डले नागरिकको जीवन पद्धति परिवर्तन गराउन ध्यान दिन आवश्यक छ ।

# स्ववियुको औचित्यमाथि प्रश्न

*विद्यार्थी संगठन र स्ववियु गुण्डा उत्पादन गर्ने, अराजक भीड तयार गर्ने झुण्डभन्दा उत्कृष्ट ब्रेन(प्रतिभा) उत्पादन गर्ने केन्द्रमा रूपान्तरण हुनुपर्छ । भोलिको लागि मुलुकलाई चाहिने उच्च कोटिको जनशक्ति तयार गर्ने थलो बनाउनुपर्छ । त्यसको लागि अबको स्ववियुको आधारभूत रूपान्तरण अनिवार्य छ ।*

अग्रलेख



● निष्णु थिङ

लामो समयदेखि नै स्वतन्त्र विद्यार्थी युनियनको औचित्यलाई लिएर प्रश्नहरु उठ्दै आएका छन् । तर, प्रश्नहरु उठेको भएपनि त्यसको निरुपणको विषयमा भने गतिलो बहस हुन सकेको छैन । तिनका निरूपणबिना नै हुने निर्वाचनले पनि त्यसको औचित्य पुष्टि गर्न सक्दैन । वास्तवमा यतिबेला स्ववियुको औचित्य र अस्तित्व आफ्नै कारणले संकटमा पुगेको छ । तैपनि स्ववियुको औचित्य अझै छ, पंक्तिकारले १४ वर्ष अगाडिको स्ववियु निर्वाचन जितेर दुई कार्यकाल नेतृत्व गरेको अनुभवको आलोकमा यस आलेखमा पुष्टि गर्ने प्रयत्न गरेको छ ।

**विद्यार्थी संगठन स्थापना र उद्देश्य**

विद्यार्थी संगठनहरुको स्थापना वा गठन पञ्चायतकालमा आफ्ना राजनीति अगाडि बढाउन माउ पार्टीहरुले गरेका थिए । दलहरु प्रतिबन्धित भएको अवस्थामा विद्यार्थी संगठनहरुको माध्यमबाट राजनीतिक गतिविधिहरु सञ्चालित थिए । दलहरुले आफ्नो राजनीति विद्यार्थी संगठनहरुमार्फत नै लैजाने गर्दथे । त्यसरी गठित विद्यार्थी संगठनहरु विश्वविद्यालय र क्याम्पसमा आपसमा प्रतिस्पर्धा गरेर स्वतन्त्र विद्यार्थी युनियन प्रत्येक क्याम्पसमा गठन हुने गर्दथ्यो । दलनिकट विद्यार्थी संगठन र स्वतन्त्र विद्यार्थी युनियन भिन्न-भिन्न संगठन र संस्थाहरु हुन् । राजनीतिक व्यवस्थाको विरुद्ध आन्दोलनका लागि गठित यी विद्यार्थी संगठनहरु पञ्चायतकालमा अखिल र नेविसंघमा विभक्त थिए । नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेल पनि स्ववियु र नेविसंघ हुँदै हुर्केका हुन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा स्वयम् नै नेविसंघका संस्थापक सभापति हुन् । अखिलको मोर्चा र नेविसंघ, वामपन्थी र नेपाली कांग्रेसका राजनीति मुखरित गर्ने संगठित भातृ संगठन हुन् । अहिले दलैपिच्छेका विद्यार्थी संगठनहरु छन् । रविन्द्र मिश्रले आफ्नो दलको विद्यार्थी संगठन नबनाउने घोषणा गरेका थिए, तर उनका दल घाम लागेसँगै बिलाउने बरफजस्तो कता बिलायो कता ? जहाँ उनले शरण लिन गए, त्यहाँ विद्यार्थी संगठन छँदैछ । वास्तवमा नेपालमा अहिले आफ्नो बेग्लै विद्यार्थी संगठन नभएको कुनै दल नै छैन होला ।

**स्ववियु र शैक्षिक भ्रमण**

श्री चतुर्भुजेश्वर जनता बहुमुखी क्याम्पस, सर्लाहीमा पंक्तिकारले स्ववियु निर्वाचन जितेसँगै क्याम्पस सुधार कार्यक्रम बनाएको सन्दर्भ यहाँ उल्लेख गरेको छ । त्यतिबेलासम्म क्याम्पसमा महिला विद्यार्थीको लागि बेग्लै शौचालय थिएन । पुरुष विद्यार्थीको पालो सकेर बल्ल उनीहरुको पालो आउथ्यो । शौचालय संख्या पनि कम थिए । त्यसमाथि पुरुषको लागि खुल्ला शौचका प्यानहरु पनि त्यही लस्करमा हुँदा महिला विद्यार्थीहरुलाई लाजमर्दो हुन्थ्यो । त्यो समस्यालाई देखेर हामीले महिला र पुरुष विद्यार्थीलाई शौचालय फरक-फरक स्थानमा बेग्ला बेग्लै बनायौं । त्यसपछि हामीले विद्यार्थीहरुले आफ्नो देश पनि चिन्नुपर्छ, त्यसको बारेमा जान्नुपर्छ भनेर कक्षा १२ मा अनिवार्य शैक्षिक भ्रमण जाने नीति बनायौं । त्यसैगरी, त्यतिबेला तीन वर्षे स्नातक तह भएकोले गर्दा तेस्रो वर्षमा अनिवार्य पुनः शैक्षिक भ्रमण गर्न जाने नीति कार्यक्रम ल्यायौं । स्नातक तेस्रो वर्षका विद्यार्थीहरु उमेरले पनि परिपक्व हुने भएकोले विदेशतिर(भारत) शैक्षिक भ्रमणको लागि पठाउने निर्णय गऱ्यौं । त्यो शैक्षिक भ्रमणको नेतृत्व स्ववियुले गर्थ्यो । कलेजका शिक्षक शिक्षिका पनि साथमा पठाउने पद्धति बसालेको थियो । शैक्षिक भ्रमणमा पठाएका विद्यार्थीहरुलाई विभिन्न समूहमा बाँडेर विविध विषयमा अध्ययन गर्न लगायौं । भ्रमणबाट फर्केर आएपछि अनुभव बाँड्ने कार्यक्रमहरु पनि आयोजना गऱ्यौं । शैक्षिक भ्रमणमा जानका लागि रकम व्यवस्थापन तीन प्रकारका उपायहरुबाट गर्ने गरिन्थ्यो । पहिलो, विद्यार्थीबाटै निश्चित शुल्क वार्षिकरूपमा संकलन गरिन्थ्यो । दोस्रो, कूल विद्यार्थी संख्याको १० प्रतिशत अनिवार्य क्याम्पसले दिनुपर्ने र तेस्रो, स्ववियुको संयोजनमा बाहिर स्थानीय विभिन्न संघसंस्था, कलकारखानाबाट शैक्षिक भ्रमणको सहयोग संकलन गर्ने । त्यसरी हामीले १२ कक्षाका विद्यार्थीहरुलाई स्वदेशका विभिन्न ऐतिहासिक र पर्यटकीय स्थल र शहरहरु जस्तैः पोखरा, मनकामना गोरखा हाइकिङ, लुम्बिनी, पाल्पा, गोरखा दरवार, इलाम, धरान, धनकुटा, इटहरि, स्वर्गद्धारी प्यूठान, विराटनगर आदि । स्नातक तहलाई सिक्किम, कालिम्पोङ, दार्जिलिङ र भारतका विभिन्न स्थानहरुमा भ्रमणका लागि प्रोत्साहन गरेर पठाउथ्यौं । यसको मूल उद्देश्य विद्यार्थीले आफ्नो देश र छरछिमेक घुमुन् र बुझुन् भन्ने थियो । पुस्तकबाहिरको संसार देखुन्, जानुन् र देश दर्शन गरुन् भन्ने थियो । त्यस्ता शैक्षिक भ्रमणले विद्यार्थीको चौतर्फी ज्ञानको दायरा फराकिलो हुने हाम्रो त्यतिबेलाको निर्क्यौल थियो । अर्को, आन्तरिक तथा बाह्य पर्यटनमा सानो हिस्सामा भएपनि टेवा पुगोस् भन्ने उद्देश्य थियो । खुशीको कुरा, सो क्याम्पसमा अहिले पनि शैक्षिक भ्रमण नीतिको निरन्तरता कायम नै रहेछ ।



*पञ्चायतकालमा दलको प्रतिनिधिको रूपमा काम गरेका विद्यार्थी संगठनहरूले बहुदल आउने बित्तिकै आफ्नो प्राथमिकता र गन्तव्य निर्धारण गर्नैपर्थ्यो । त्यो हुन सकेन । बहुदल प्राप्तिपछिका ३०/३५ वर्षसम्म पनि विद्यार्थी संगठनहरूले आफ्नो पञ्चायतकालीन लक्ष्यमा रूपान्तरण गरेनन् । अहिले पनि दलकै प्रतिच्छाँयाको रूपमा विद्यार्थी संगठनहरू क्रियाशील छन् ।*

**साहित्यिक गतिविधिहरु**

स्ववियुमा हामीले विभिन्न विभागहरु बनाएका थियौं । तीमध्ये साहित्य विभाग हुन् । त्यसको नेतृत्व पंक्तिकारले गरेको थियो । वार्षिक साहित्यिक क्यालेण्डर निर्माण गरेर कुन बेला के गर्ने भनेर अग्रिम योजना र कार्यक्रम निर्धारण गरेका थियौं । प्रत्येक महिना क्याम्पसमा केही न केही साहित्यिक गतिविधिहरु हुन्थे । पहिलो चरणमा हामीले साहित्यका विभिन्न विधागत प्रशिक्षण क्याम्पसकै र बाहिरबाट विषयविज्ञलाई आमन्त्रण गरेर सञ्चालन गर्थ्यौं । कहिले कथा लेखन, कुनै महिना कविता लेखन प्रतियोगिता, निबन्ध लेखन, गजल लेखन र नाटक मञ्चन गर्ने कार्यक्रमहरु गर्थ्यौं । ती साहित्यिक कार्यक्रममा उत्कृष्ट भएका विद्यार्थीहरुलाई शब्दकोशलगायत विभिन्न उपयोगी पुस्तकहरु पुरस्कारको रूपमा दिइएका थिए । क्याम्पसस्तरीय र आसपासका विभिन्न क्याम्पसलाई निम्त्याएर यस्ता प्रतियोगिताहरु सञ्चालन गरिन्थ्यो ।

**सामाजिक गतिविधिहरु**

हाम्रो क्याम्पस पूर्व-पश्चिम लोकमार्गबाट आधाकिलोमिटर जति तलतिर थियो । त्यसैले लोकमार्गबाट क्याम्पस हुँदै तलको गाउँसम्म सडकका दुवै पेटीमा गाउँघरको सुन्दरता बढाउन अशोकको वृक्षारोपण गरियो । त्यसको लागि गाउँलेहरुसित विभिन्न चरणमा छलफल र सहकार्यका लागि वैठक बस्यौं र साझा प्रयासमा टोकरी बनाएर वृक्षारोपणका काम सफल बनायौं । क्याम्पसका जमिन खाली र पर्ती रहेकोले गर्दा स्ववियुले त्यसमा भीसको वृक्षारोपणको लागि पहल गरियो । स्ववियु, क्याम्पस प्रशासन, शिक्षकहरु, व्यवस्थापन समिति, विद्यार्थीहरु र गाउँलेहरु सबैलाई आमन्त्रण गरी त्यो खाली पर्ती जमिनमा भीसका बोटहरु रोप्यौं । पछि त्यो हुर्केर जंगल नै भयो, हामीले छाडेपछि क्याम्पसले त्यो भीसका जंगल बेचेर आम्दानी गरेको थाहा पाएँ । मैत्रीपूर्ण खेलकुदका कार्यक्रमहरु सञ्चालन गर्थ्यौं । क्याम्पस हाताभित्र फुलका विरुवाहरु र दुवो रोप्ने काम गऱ्यौं । स्नातकोत्तर पढाइको सिलसिलामा हामीले सृजनशील साहित्य अभियान संस्था नै गठन गरेका थियौं । त्यतिबेला स्ववियु पुनः निर्वाचन नभएर रिक्त अवस्था थियो । त्यो साहित्य अभियानमार्फत् हामीले दुई वर्षमा २७ वटा साहित्यिक र सृजनात्मक कार्यक्रमहरु, प्यूठानका पहिरो पीडितलाई राहत वितरण, अन्य सामाजिक कार्यहरुसहित प्राज्ञिक क्षमता विकासका केही कार्यक्रमहरु सफल आयोजना गरेका थियौं ।

**शैक्षिक गुणस्तरको लागि प्रयास**

आज सबैभन्दा अहम् बनेको विषयचाहिँ हाम्रो क्याम्पस र विश्वविद्यालयले उत्पादन गरेको जनशक्ति कति दक्ष छन् वा छैनन् ? के जनशक्ति साँच्चै दक्ष छन् ? निश्चय नै हाम्रा विश्वविद्यालयले उत्पादन गरेका विद्यार्थीहरु तुलनात्मकरूपमा दक्ष छैनन् । कमजोर जनशक्ति भएकै कारणले न देशभित्र र न बाहिर कडा प्रतिस्पर्धामा उत्तीर्ण हुन सफल भएका छन् । शैक्षिक बेरोजगार उत्पादन गर्ने केन्द्रको रूपमा हाम्रा क्याम्पस र विश्वविद्यालय परिणत भएका छन् । त्यस्तो परिस्थिति भएकोले गर्दा तलैदेखि जग राम्रो बनाउनु पर्छ भनेर हामीले विद्यार्थीको पठनपाठनमा जोड दियौं । गुणस्तरीय शिक्षाको लागि साझा प्रयास गऱ्यौं । गुणस्तरीय शिक्षाको कुरा गर्दा, यदि परीक्षामा सजिलैसित चोरेर पास हुने वातावरण हुन्जेल मन लगाएर विद्यार्थीले नपढ्ने भएकोले क्याम्पसमा परीक्षा कडा गर्नपर्ने निष्कर्ष निकाल्न थालियो । त्यसको साथसाथै क्रमशः शैक्षिक गुणस्तर वृद्धिका लागि विद्यार्थी, स्ववियु, विद्यार्थी संगठन, विषयगत शिक्षक, क्याम्पस प्रशासन र व्यवस्थापन समितिबीच निरन्तर अन्तरक्रिया र अन्तरसंवाद सञ्चालन गरेका थियौं । त्यसरी शैक्षिक गुणस्तर वृद्धि गर्न भूमिका खेल्ने सबै पक्षलाई आमन्त्रण गरेर नीति, योजना र कार्यक्रम बनाएर काम गर्न थाल्यौं । वास्तवमा त्यतिबेला परीक्षा माछा बजारजस्तो हुन्थ्यो । परीक्षा त्यसरी खुल्ला र छाडा छाड्न नहुने पंक्तिकारले प्रस्ताव जर्बजस्त राख्दा स्ववियुभित्रबाटै त्यसको विरोध हुन थाल्यो, असहयोग हुन थाल्यो ।

हाम्रा स्ववियुमा यस्ता पनि साथीहरु थिए कि आफ्ना माउ पार्टीका नेताका आफन्तहरुलाई चिट लगेर दिन्थे । परीक्षा खुकुलो बनाउनु पर्ने तर्क गर्थे । आफू पनि नपढ्ने चोरेरै पास हुने वातावरण मिलाउथे । स्ववियुको शक्तिको दुरूपयोग गरेर निजी सहयोगी परीक्षामा राखेर जाँच दिन्थे । त्यसको प्रत्यक्ष विरोध पंक्तिकारबाट पनि भएको छ । माछा बजारजस्तो परीक्षालाई मर्यादित बनाउन शैक्षिक सुधारको कामहरु जगबाटै गर्नपर्ने पैरवी र अभियान चलाइयो । परीक्षालाई मर्यादित बनाउन आफैद्वारा शुरु नगरी सम्भव थिएन । भनिन्छ नि, संसार बदल्नु छ भने शुरु आफैबाट गर्नुपर्छ । त्यसैले पंक्तिकारले स्नातक तहका सबै परीक्षा खुल्ला चौडीमा एक्लै बसेर दिने काम गरियो । चिट चोर्ने वातावरणलाई निस्तेज पार्न गरिएको यो मौन विद्रोह थियो । त्यो सत्याग्रह नै थियो, शिक्षामा सुधारको लागि । स्ववियुले क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई ठूलो संख्यामा वार्षिकरूपमा छात्रवृत्ति दिने गरेको थियो । छात्रवृत्ति वितरण र प्राप्तिका थुप्रै मापदण्डहरु निर्माण गरिएका थिए । उत्कृष्ट, जेहेन्दार, शहीद परिवार वा द्वन्द्वपीडित, आदिवासी जनजाति, दलित, महिला, निम्न आर्थिक अवस्था र स्ववियुले सञ्चालन गरेका साहित्यिक प्रतियोगीताहरुमा प्रथम, दोस्रो र तेस्रो भएका विद्यार्थीलाई तीन, छ, नौं र बाह्र महिनाको छात्रवृत्ति दिइन्थ्यो । आन्तरिक मूल्यांकनमा उत्कृष्ट हुनेलाई पनि छात्रवृत्ति दिने गरिन्थ्यो । त्यसले गर्दा पढ्नका लागि विद्यार्थीलाई हौसला मिल्थ्यो ।

**अबको स्ववियु**

पञ्चायतकालमा दलको प्रतिनिधिको रूपमा काम गरेका विद्यार्थी संगठनहरुले बहुदल आउने बित्तिकै आफ्नो प्राथमिकता र गन्तव्य निर्धारण गर्नैपर्थ्यो । त्यो हुन सकेन । यताका ३०/३५ वर्षसम्म पनि विद्यार्थी संगठनहरुले आफ्नो पञ्चायतकालीन लक्ष्यमा रूपान्तरण गरेनन् । अहिले पनि दलकै प्रतिच्छाँयाको रूपमा विद्यार्थी संगठनहरु क्रियाशील छन् । यो स्ववियु निर्वाचन आवरणमा विद्यार्थी संगठनहरुका प्रतिस्पर्धा देखिए पनि दलहरुकै निर्वाचन हो । दलहरुले त्यसरी नै तयारी गरेका छन् । विद्यार्थी संगठनहरु यस्ता भए कि आफ्नो मुद्दाको बारेमा कहिल्यै नबोल्ने तर, असान्दर्भिक विषयमा बढी चासो र सक्रिय हुने गरेका छन् । आफ्नो माउ पार्टी सरकारमा रहँदा अन्धसमर्थन गर्ने र अर्को पार्टीको विरोध एकोहोरो मात्रै गरिरहने र पार्टीको जस्तोसुकै निर्देशन पालना गर्ने हनुमानहरुका जमात बन्यो । त्रिविले प्रवेश परीक्षाको नाममा पाँच हजार शुल्क असुल गर्दा पनि चु नबोल्ने यी विद्यार्थी संगठनहरु र स्ववियुले आफ्नो औचित्य पुष्टि गर्न सजिलो छैन । विद्यार्थीको कल्याण र हकहितभन्दा पनि कुरूप राजनीतिका सन्दर्भहरुलाई विश्वविद्यालयमा प्रवेश गराउने र खैलाबैला मच्चाउने काममा लागेका छन् । प्राध्यापकलाई हातखुट्टा भाँच्नेगरी कुटपिट गर्ने र दलको शरणमा गएर संरक्षण लिने प्रवृत्तिका विद्यार्थी संगठनहरु शैक्षिक उन्नयनका लागि बाधक बनेका छन् । विद्यार्थी संगठन र स्ववियु गुण्डा उत्पादन गर्ने, अराजक भीड तयार गर्ने झुण्डभन्दा उत्कृष्ट ब्रेन(प्रतिभा) उत्पादन गर्ने केन्द्रमा रूपान्तरण हुनुपर्छ । भोलिको लागि मुलुकलाई चाहिने उच्च कोटिको जनशक्ति तयार गर्ने थलो बनाउनुपर्छ । त्यसको लागि अबको स्ववियुको आधारभूत रूपान्तरण जरुरी भइसक्यो ।

*(लेखक नीति अनुसन्धान प्रतिष्ठानमा विज्ञको रूपमा आबद्ध छन् ।)*

## सामाजिक सञ्जाल



**- मुमाराम खनाल**

आजको वित्तीय विजोगको कारणः जमिन्दारी प्रथामा आधारित नेपाली सामन्ती समाजको पतन त भयो तर उद्यम, सीप र रोजगारीसहितको अर्थव्यवस्थामा रूपान्तर हुन सकेन । परिणाम, अझै पनि जमिन नै सम्पत्तिको मूलस्रोत रहिरह्यो । सारमा नयाँ जमिन्दारी कायमै रह्यो ।



**- शान्ताराज सुवेदी**

किसानले पाउने दुधको मूल्यमा प्रति लिटर ८ रुपैयाँ ८६ पैसा बढ्दा उपभोक्ता मूल्य रु. १६ सम्म बढेको छ । जुन किसानले पाउने रकमको झण्डै शतप्रतिशत बृद्धि हो । यसले हाम्रो वितरण प्रणालीमा बिचौलियाबाट हुने चलखेललाई छर्लङ्ग पारेको छ । जसलाई व्यवस्थित र वास्तविक लागतमा आधारित बनाउनु अपरिहार्य छ ।



**- रञ्जित तामाङ**

लाइन पहिलादेखि नै क्लियर छः कसैलाई पीडित बनाउने नियतले समाचार लेख्ने पत्रकारको हातमा हतकडी लाग्नु पर्छ । तर, हचुवामा सभामुखले आपत्तिजनक कुरा बोले । अनि आफ्नै थुतुनो अगाडी त्यस्तो कुरा भन्दा पत्रकार महासंघका पदाधिकारीहरू के हेरेर बसेका थिए ? बाहिर आएर म्याउँ गरेर हुन्छ ?



**- रवि मिश्र**

विद्या भण्डारीले राष्ट्रपतिको ट्वीटर हेण्डिल लिएर हिन्नुभो रे ! ट्वीटर अर्को हेण्डिल बनाउन मिल्छ । बनाउँदा एउटा राष्ट्रपति कार्यालयको, अर्को रामचन्द्र पौडेलको नाममा बनाउनु राम्रो । राष्ट्रपति कार्यालयको एउटा स्थायी हेण्डिल नि रहने । पछि रामचन्द्रजी खालीहात नि जानु नपर्ने ।

# बेथिति र राजनीति

टिप्पणी



● नारायण गाउँले

रवि लामिछानेलाई यतिबेला सत्ता गठबन्धन र एमालेबीच पेन्डुलम बनेको देख्नुभएको होला । धेरैलाई असजिलो लागेको पनि होला । तर, यो उनको चाहनाले होइन, चक्रब्यूहले गर्दा हो । गहिरो गरी सोच्नुभो भने देशको राजनैतिक चक्रब्यूह र सिस्टम यति अभेद्य छ कि कुनै नयाँ अनुहारले यसलाई तोड्छु या बदल्छु भनेर आयो भने ऊ आफै तोडिन्छ ।

नागरिकता प्रकरण टुङ्गियो । तर, पासपोर्ट विवादबारे सुन्नुभएकै हुनुपर्छ । प्रहरी छानबिन, सरकारी वकिल हुँदै महान्यायाधिवक्ताको कार्यालयसम्म पासपोर्ट विवादको फाइल पुगेर मुद्दा लाग्ने या नलाग्ने भन्ने निर्णय हुने रहेछ । महान्यायाधिवक्ता प्रधानमन्त्रीले आफ्नै पार्टी र गुटका कट्टर भक्तलाई चुन्ने प्रचलन छ ।


तर, सरकारले पक्षमा निर्णय गर्दैमा पनि यो विवाद सकिन्न । जो कोही पनि रिट बोकेर अदालत जान सक्छ र पासपोर्टको मुद्दा संवेदनशील मानिन्छ पनि । संयोगवश एमाले अध्यक्ष केपी शर्मा ओलीका पूर्व महान्यायाधिवक्ता नै अहिले सर्वोच्चका कायममुकायम प्रधानन्यायाधीश छन् । एमाले र कांग्रेसको सक्रिय राजनीति गरिसकेका र सांसद नै बनेका समेत सर्वोच्चमा न्यायाधीश छन् । अब आफै सोच्नुहोस्, एउटा रविले गरोस् त के गरोस् ? सबैको नसा समाउलान् भनेर आशा गरिएका रविको नसा समाएर उल्टै दलहरू बसेका छन् । भित्र यस्तो छ, बाहिरबाट हेर्नुस् त, दलहरू कति अबोध र मायालु देखिन्छन् ।

अरबौं रुपियाँ खर्चेर गरिएको चुनावपछि देशको चुनौतीपूर्ण अर्थव्यवस्था, ऋण, बेरोजगारी, कृषि, उत्पादकत्व र स्वास्थ्य समस्याबारे कहीं कुनै नेताले बोलेको सुन्नुभएको छ ? बालुवाटारदेखि बालकोट या बुलानिलकण्ठसम्म दर्जनौं मिटिङ्ग र भेटघाट भएका छन् । तर त्यहाँ एकअर्कालाई कसरी खुइल्याउने र आफू जित्ने भन्नेबाहेक अर्को बहस भएको छैन । सिङ्गो संसद कसलाई के बनाउने, कसले कसलाई धोका दिने, कसले पक्का जित्ने, कसले कसलाई समर्थन दिने र फिर्ता लिने जस्ता कुरामा व्यस्त छ । हाम्रा वरिष्ठ भनिएका नेताहरू कसले कति छलकपट गर्न सक्ने भन्नेमा हाम्रो रगत पसिनाबाट तलब खाएर लागेका छन् । न सरकार छ, न प्रतिपक्ष छ । यतिसम्म निर्लज्जता छ कि बिहान दलाल भनेर गाली गरेको छ, बेलुका फूलमाला लगाएको छ । बिहान अबीर दलेको छ र बेलुका विषवमन गरेको छ । यत्तिका लागि तिनले तलबभत्ता थापेका छन् । हामी जसले जे भने पनि हो भनेर ताली बजाएकै छौं । कोही केही बोल्दैन । बोल्यो भने त्यही धोका, ढोक्सा र भागबण्डाबारे बोल्छ । तुष पोख्न बोल्छ । रविजस्ता केही नयाँ युवामा यस्तो दुर्गतिप्रति रोष त होला, तर ती सत्तालाई त प्रश्न गर्न सक्दैनन् नै, हिजो या भोलि सत्तामा हुनेसँग पनि डराइरहेका देखिन्छन् ।

सिस्टमसँग, बेथिति र चक्रब्यूहसँग लड्ने एउटा भरपर्दो साधन भनेको पत्रकारिता नै हो । आजसम्मका काण्ड, भ्रष्टाचार, बेथिति जे जति बाहिर आएका छन्, ती सबै पत्रकारले नै ल्याएका हुन् । पत्रकारिता नभएको भए हाम्रा नेताहरू चार गुना बढी भ्रष्ट हुन्थे भन्ने हामीलाई थाहा छ । पत्रकारिता आफैमा स्वच्छ नहोला, तर यसले नेपाली राजनीतिलाई निरन्तर चौकीदारी गरिरहेको छ । प्रतिपक्षको भूमिका निभाइरहेको छ । नत्र त दलहरू सबै तोडफोड र एउटालाई गुल्ट्याएर आफू सत्तामा पुग्न खुल्लमखुल्ला लागेकै छन् । नयाँ केही गर्छु भन्नेले यो हतियारलाई सदुपयोग गरेर सिस्टमसँग लड्नुपर्ने हो । त्यो पनि उल्टो भए जस्तो छ । यता तपाईं र म आफू आफूबीच मित्र भन्ने कि शत्रु भन्ने निर्णय माथिबाट छिटो आओस् भनेर कुरी रहेका छौं ! तपाईंको रङ्ग कालो कि सेतो भन्ने कुरो माथिबाट निर्देशन नआई मेरो विवेकले छुट्याउन सक्दैन । र गज्जप त के भने यो निर्देशनले पहिले पहिले त केही वर्ष काम गर्थ्यो, आजभोलि बिहानको निर्देशनले बेलुकासम्म पनि काम गर्दैन, र पनि हामी निर्देशित नै छौं ! जय होस् !

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | मनोरञ्जनात्मक यात्राको योग छ । दैनिक आम्दानी राम्रो हुनेछ । |
| वृष | : | सामाजिक कार्यमा वृद्धि हुनेछ । नयाँ कार्य बन्ने योग छ । |
| मिथुन | : | बाहिरी सहयोगमा कमी रहनेछ । विरोधी कमजोर हुनेछन् । |
| कर्कट | : | नौलो कार्यहरुमा विशेष सावधानी राख्नुपर्छ । शत्रु कमजोर हुनेछन् । |
| सिंह | : | परिवारको सहयोग पाइनेछ । पराक्रममा वृद्धिको योग छ । |
| कन्या | : | दैनिक सबै कार्यमा सफलता प्राप्त हुनेछ । धार्मिक कार्यमा रुची बढ्नेछ । |
| तुला | : | रुकावटहरु समाप्त हुनेछन् । स्वास्थ्य राम्रो रहनेछ । |
| वृश्चिक | : | कृषिजन्य कार्यमा लाभ प्राप्त हुनेछ । पारिवारिक जीवन सुखी रहनेछ । |
| धनु | : | मित्रहरुसँग भेटघाट हुनेछ । मनोबल उच्च रहनेछ । |
| मकर | : | सामाजिक कार्यमा वृद्धि हुनेछ । नाता-गोतासँग भेटघाट हुनेछ । |
| कुम्भ | : | विरोधी सक्रिय रहन्छन् तर, असफल हुनेछन् । यात्रा सफल हुनेछ । |
| मीन | : | प्रभाव र सम्मानमा वृद्धि हुनेछ । वाणी संयम राख्नुहोला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# मधेश प्रदेशमा ७९ हजार बढी परीक्षार्थी एसईईमा सहभागी हुँदै



**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ४ चैत

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा मधेश प्रदेशबाट ७९ हजार ९४ जना परीक्षार्थी सहभागी हुँदै छन् । यहीँ चैत १७ गते शुक्रबारदेखि २९ गतेसम्म हुने परीक्षाका लागि प्रदेशबाट सो संख्यामा परीक्षार्थीहरु सहभागी हुन लागेका हुन् । आठ वटै जिल्लाको कुल दुई सय ७८ परीक्षा केन्द्रबाट परीक्षा सञ्चालन हुने प्रदेश शिक्षा विकास निर्देशनालय धनुषाका निर्देशक चुडामणि फुयालले जानकारी दिए ।

प्रदेशका आठ जिल्लामध्ये धनुषामा एसईई परीक्षामा सहभागी हुनेको संख्या सबैभन्दा बढी रहेको तथ्यांकमा उल्लेख छ । धनुषामा मात्रै १२ हजार १ सय ४६ जना परीक्षार्थी एसईईमा सहभागी हुन लागेका हुन् । जसका लागि उक्त जिल्लाको विभिन्न ४३ वटा परीक्षा केन्द्र तोकिएको छ । धनुषापछि सर्लाहीमा कुल १० हजार ९ सय १६ परीक्षार्थी एसईईमा सहभागी हुँदैछन् । सर्लाहीमा ३६ वटा परीक्षा केन्द्रबाट परीक्षा सञ्चालन गरिने छ । त्यस्तै सिरहामा १० हजारभन्दा बढी परीक्षार्थी यस वर्षको एसईईमा सहभागी हुन लागेका छन् । त्यहाँका ४० वटा परीक्षा केन्द्रमा कुल १० हजार १ सय ५० जना परीक्षार्थी सहभागी हुन लागेको फुयालले बताए ।

त्यसैगरी सप्तरीमा समेत यस वर्ष उल्लेखनीय संख्यामा परीक्षार्थीहरु एसईईमा सहभागी हुँदै छन् । सप्तरीमा यस वर्ष ३६ वटा परीक्षा केन्द्र तोकिएको छ भने कुल ९ हजार पाँच सय २७ जना परीक्षार्थीहरु सहभागी हुँदै छन् ।

त्यस्तै बारामा ९ हजारभन्दा बढी परीक्षार्थीहरु एसईईमा सहभागी हुँदै छन् । त्यहाँका ३२ वटा परीक्षा केन्द्रबाट कुल ९ हजार एक सय ७९ जना परीक्षार्थीहरु सहभागी हुँदैछन् । यसैगरी पर्साबाट यस वर्ष ९ हजार बढी परीक्षार्थी एसईईमा सहभागी हुने भएका छन् । उक्त जिल्लामा कुल २५ वटा परीक्षा केन्द्र तोकिएको छ भने ९ हजार एक सय ६५ जना परीक्षार्थी सहभागी हुँदैछन् ।

त्यस्तै महोत्तरीबाट समेत यस वर्ष उल्लेखनीय परीक्षार्थीहरु एसईईमा सहभागी हुने भएका छन् । कुल ३१ वटा परीक्षा केन्द्र तोकिएको त्यहाँ ९ हजार ५४ जना परीक्षार्थी एसईईमा सहभागी हुन लागेका छन् । यसैगरी प्रदेशमै सबभन्दा कम परीक्षार्थी रौतहट जिल्लाबाट सहभागी हुँदै छन् । रौतहटमा कुल ३५ वटा परीक्षा केन्द्र तोकिएको छ भने आठ हजार ९ सय ५७ जना परीक्षार्थी सहभागी हुने तथ्यांकमा उल्लेख छ ।

जिल्ला जिल्लामा उत्तरपुस्तिका ल्याउने काम भइरहेको तथ सम्बन्धित जिल्लाका प्रहरीले सुरक्षा गर्ने व्यवस्था मिलाइएको प्रदेश शिक्षा विकास निर्देशनालय धनुषाका शिक्षक सेवा तथा परीक्षा शाखा अधिकृत थनेश्वर यादवले जानकारी दिए । परीक्षा निर्देशनालयबाट प्रश्नपत्र बाहेकका सबै कामकारबाही सञ्चालन हुने उनले बताए ।

राष्ट्रिय परीक्षा बोर्डले २०७९ सालको एसईई (नियमित र ग्रेडवृद्धि)को समय तालिका बोर्डको गत माघ ११ गतेको बैठकले सार्वजनिक गरिसकेको छ । बोर्डले यस वर्षको परीक्षा पनि बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन गर्ने निर्णय गरेको छ । समयतालिका बमोजिम चैत १७ गते शुक्रबारका दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा हुने भनिएको छ । सोही दिन वेदविद्याश्रम तर्फ अनिवार्य संस्कृत भाषा र साहित्यको पनि परीक्षा हुने छ ।

त्यस्तै चैत १९ गते अनिवार्य गणित र चैत २० गते अनिवार्य नेपाली विषयको परीक्षा हुनेछ । त्यसैगरी चैत २२ गते विज्ञान विषय र चैत २३ गते समाजिक अध्ययन विषयको परीक्षा हुने तालिका रहेको छ ।

# शान्ति प्रक्रियाका बाँकी काम टुंगो लगाउन आग्रह

**काठमाडौं/मस**-राजनीतिक दलका नेताहरूले शान्ति प्रक्रियाका बाँकी काम टुंगो लगाउन आग्रह गरेका छन् । शनिबार आयोजित 'शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्याय व्यवस्थापन' विषयक अन्तर्क्रियामा नेताहरूले शान्ति प्रक्रियामा उल्लेख भएअनुसार न्याय सम्पादन गरिनुपर्नेमा जोड दिए ।

नेकपा (क्रान्तिकारी माओवादी) का वरिष्ठ नेता सिपी गजुरेलले जनयुद्धकालीन घटनालाई नियमित अदालती प्रक्रियामा लिए नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' मात्रै नभएर तत्कालीन सात राजनीतिक दलका नेताहरू पनि उत्तिकै जिम्मेवार रहेको तर्क गरे । सशस्त्र द्वन्द्वका पीडितले न्याय चाँडो पाउनुपर्ने बताउँदै उनले न्यायका लागि शान्ति प्रक्रियाअनुसार सत्य निरुपण तथा मेलमिलाप आयोगबाट टुंगो लगाउनुपर्ने बताए ।

नेकपा बहुमतका संयोजक धर्मेन्द्र बाँस्तोलाले गणतन्त्र ल्याउन बलिदान गर्नेहरूमाथि नै मुद्दा लगाइएको भन्दै आपत्ति जनाए । सोही पार्टीका प्रवक्ता हेमन्तप्रकाश ओलीले राजनीतिक विषयलाई राजनीतिक विषयभन्दा कानुनी विषयमा हल गर्न खोजिएकाले समस्या पैदा भएको तर्क गरे । माओवादी कम्युनिस्ट पार्टी नेपालका महासचिव रामनारायण पालले सशस्त्र द्वन्द्वको इतिहासलाई संविधानले स्वीकार गरिसकेको बताउँदै द्वन्द्वका पीडितहरूलाई न्याय नियमित अदालतमा दिन नमिल्ने बताए ।


**हिलिहाङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पञ्चमी, पाँचथर**

**बोलपत्र आव्हानको सूचना**

पहिलो पटक प्रकाशित सूचना मिति : २०७९।१२।०५ गते

**हिलिहाङ गाउँपालिका**को आ.व. २०७९/०८० को वार्षिक बजेट अनुसार तल उल्लेखित स्थानमा तोकिए वमोजिमको निर्माण कार्य गर्नूपर्न भएकाले नेपाल सरकारबाट सम्वन्धित कामका लागि इजाजत प्राप्त इच्छुक निर्माण व्यावसायीहरुवाट निम्न सर्तहरुको अधिनमा रहि रितपुर्वक बोलपत्र आव्हान गरिएको छ ।

१ बोलपत्र फारम खरिद गर्न इच्छुक निर्माण व्यावसायीहरु आ.व. २०७९/०८० को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र,व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं एवं आयकर तथा मू.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७८ /०७९ सम्मको कर चुक्ता को प्रमाण पत्र र फर्म सम्वन्धि अन्य कुनै कागजात भए सो समेत प्रमाणित प्रतिलिपि सहित www.bolpatragov.np/egp बाट बोलपत्र फारम डाउनलोड गरी पेश गर्न सकिने छ।

२ बोलपत्र साथ जमानत बापतको रकम हिमालयन बैंक लिमिटेड, **हिलिहाङ** गोपेटार शाखाको HILIHANG GA.3STHA.TAHA DHARO KHAT नामको धरौटी खाता नम्बर 26351182240015 मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको जमानत पत्र समावेश भएको हुनु पर्नेछ। बोलपत्र खरिदको लागि हिमालयन बैंक लिमिटेड,**हिलिहाङ** गोपेटार शाखाको HILIHANG GA-1-1 ANTARIK RAJASWO नामको खाता नम्बर 26351182240171 मा नगद रकम दाखिला गरि बैंक भौचर पेश गर्नु पर्नेछ ।


३ खरिद गरिएको बोलपत्र को हकमा यो सुचना पहिलो पटक प्रकाशित भएको मितिले ३१ औ दिन वा ई बिडिङ्ग मा उल्लेख भए बमोजिम बोलपत्र अन्तिम दिनको तोकिएको समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यलयको वेभसाइट www.bolpatragov.np/egp बाट भर्न सकिने छ। विस्तृत विवरण टेण्डर फारमसंग संग्लल छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | कुल ल.ई. रकम भ्याट बाहेक | जमानत वापतको रकम | बोलपत्र फारम दस्तुर | टेण्डर पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | HRM/NCB/ WORKS /079/080/03 | Construction of ward 7 Office Building | 4285079.26 | 125000 | 3000.00 | 19-04-2023 (A.D) | |

**नि.प्रमुख प्रशासकीय अधिकृत**


## हुम्ला डायरी
**ओबराज शाही/मध्यान्ह**

# च्याछरा क्षेत्रको सडक स्तरोन्नति गरिँदै



कर्णाली कोरिडोर अन्तर्गत सिमकोट-हिल्सा सडकखण्डको च्याछरा क्षेत्रको सडक केही समयका लागि बन्द हुने भएको छ ।

च्याछरादेखि पातीहाल्नसम्मको १ किलोमिटर सडकको स्तरवृद्धि गर्न लागिएकाले सिमकोट-हिल्सा सडक बन्द हुने भएको हो ।

सिमकोट-हिल्सा सडकखण्डको च्याछरादेखि पातीहाल्नसम्मको १ किलोमिटर सडक क्षेत्रमा वर्षेनी पहिरोबाट क्षति हुने गरेकाले सो सडकको स्तरोन्नति गर्न लागिएको हो । सो सडक निर्माणका लागि चैत ५ गतेदेखि १२ गतेसम्म आंशिक र १२ गतेपछि पूर्णरूपमा यातायातका साधन सञ्चालन गर्न नपाइने गरी बन्द गरिने नाम्खा गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मोहनबहादुर शाहीले बताए । यातायात बन्द हुने भएपछि माथिल्लो हुम्ला जाने यात्रुहरुलाई पैदल हिँड्नुपर्ने बाध्यता परेको छ । सडकको निर्माण कार्य पूरा नहुन्जेल वा अर्को सूचना जारी नभएसम्मका लागि उक्त सडकखण्ड बन्द गरिने अधिकृत शाहीले बताए ।

# 'मिसन ग्रासरुट' कार्यक्रम सम्पन्न



नेकपा एमालेले सञ्चालन गरेको 'मिसन ग्रासरुट' अभियानको पहिलो चरणको कार्यक्रम सम्पन्न गरेको छ । हुम्लाका सात वटै गाउँपालिकामा रहेका ४४ वटा वडामध्ये नाम्खा गाउँपालिकाको ६ लिमि र ४ चाला बाहेक अन्य ४३ वटा वडामा पुगेर कार्यक्रम सञ्चालन गरिएको नेकपा एमाले जिल्ला उपाध्यक्ष डबल रावतले जानकारी दिए ।

संगठन सुदृढीकरणका लागि सञ्चालित अभियानका लागि केन्द्रबाट हुम्ला आएका केन्द्रीय प्रतिनिधिहरुको उपस्थितिमा सबै स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिएको एमालेले जनाएको छ ।

पार्टीकाअनुसार अभियानको पहिलो चरणको कार्यक्रम सम्पन्न भएर अब दोस्रो चरणमा गाउँपालिकास्तर र वडास्तरमा पार्टीका संगठित सदस्यहरुसँग अन्तरक्रिया सञ्चालन गरिनेछ ।

संगठन सञ्चालनका क्रममा देखिएका समस्या, चुनौती र त्यसको समाधानका विषयमा छलफल गरिने एमाले केन्द्रीय सदस्य लंकबहादुर शाहीले बताए । दक्षिणी क्षेत्रका तीनवटा गाउँपालिका ताँजाकोट, अदानचुली र चंखेलीका लागि निरज आचार्य, खार्पुनाथ र सर्केगार्ड गाउँपालिकाका लागि डम्बरबहादुर सिंह र सिमकोट र नाम्खा गाउँपालिकाका लागि लंकबहादुर शाही केन्द्रीय प्रतिनिधिका रुपमा आएका थिए । अब एमालेले सातवटै गाउँपालिकामा दोस्रो चरणको अभियान शुरु गर्ने भएको छ ।


**Sudurpaschim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Sanfebagar, Achham**

**Invitation for Bids**

**Invitation for Bid No: 11/2079-080**
**Date of publication: 2079/12/05**

Method of Procurement: NCB, Eligibility Procedure

1. Infrastructure Development Office invites sealed Bids from all eligible Nepalese Bidders for Construction of Following Road Project with construction detail as follows.
*(Name and Identification no of Contract are as follows.)*

| S N | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Excluding VAT & Contingencies] | Bid Security amount | Bid Security Validity Period | Last Date For Bid Submission | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | **IDO/ACHHAM/ NCB/W/R/ 30/2079-080** | Majhakopipal dekhi Oda no 6 Kalaam hundai Langmata Sadak, Sanfebagar Municipality, Achham. | **63,97,996.01** | 1,60,000 | Validity up to 120 days from the last date of bid submission | 2080/01/05 | 3,000 |
| 2 | **IDO/ACHHAM/ NCB/W/R/ 31/2079-080** | Upgrading and Construction of Rahakbhairabsthan-Asaha-Tulta-Belkhet-Dalkoda-Bhanakot-Kalikot-Hilsha-Chinko-Naka-Sadak, Achham. | **53,02,560.89** | 1,60,000 | | 2080/01/05 | 3,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the ***Infrastructure Development Office, Sanfebagar Achham***, Email Address: p7ido.achham@gmail.com, Contact No: 097625214 or may visit PPMO **website www.bolpatra.gov.np.**
Name of the Bank: Rastriya Banijya Bank Mangalsen Branch, Achham
Name of Office: Infrastructure Development Office, Achham
Office Code no. : 3370172017
Office Account no.: 1000100200010000
Rajaswa (revenue) Shirshak No.: 14229
3. Bidder shall have the option of submitting their bid electronically only. Submission of Hard copy bids shall not be entertained.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on 2080/01/05 At the Infrastructure Development Office Achham. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as stated in above table, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If Bidder wish to Submit the bid security in the form of cash bidder has to deposit cash in Dharauti Account no 4260100202030000 of Infrastructure Development Office Achham at Rastriya Banijya Bank Mangalsen Branch, Achham and Submit Bank Deposit Voucher along with a Bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.
8. Any Amendments in This tender Notice will be posted in the notice board of IDO, Achham or may visit PPMO e-GP system www.bolpatra.gov.np

**Senior Divisional Engineer**

मध्यान्ह
www.madhyanhadaily.com
५ चैत २०७९, आइतबार
19 March 2023, Sunday

# हिमालबाट फोहोर संकलन गर्दै नेपाली सेना




**नारायण न्यौपाने/रासस**
काठमाडौं, ४ चैत

नेपाली सेनाले विश्वको सर्वोच्च शिखर सगरमाथासहित चारवटा हिमालमा 'सफा हिमाल अभियान २०२३' सञ्चालन गर्ने भएको छ।

उक्त अभियानअन्तर्गत सगरमाथा, ल्होत्से, बरुञ्चे र अन्नपूर्ण हिमालबाट कुहिने र नकुहिने गरी ३५ हजार केजी फोहोर संकलनको लक्ष्य राखिएको छ। उक्त अभियानका क्रममा सगरमाथाबाट १० हजार, ल्होत्सेबाट पाँच हजार, बरुञ्चेबाट १० हजार र अन्नपूर्णबाट १० केजी फोहोर संकलन गर्ने लक्ष्य रहेको सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले जानकारी दिए।

प्रकृति र पर्यावरण प्रभावकारी संरक्षणका निम्ति विश्वका अग्ला हिमालको स्वच्छता कायम राख्ने सरकारको राष्ट्रिय कार्यक्रम कार्यान्वनलाई सेनाले प्राथमिकतामा राखेको छ।

विश्व वातावरणमा परेको प्रतिकूल असरबारे सचेतना फैलाउन र हिमशृङ्खलाको मनोरम सौन्दर्यलाई अक्षुण राख्ने सेनाले सन् २०१९ देखि सफा हिमाल अभियान सञ्चालन गर्दै आएको छ। सन् १९५३ मा तञ्जिङ नोर्गे र एडमण्ड हिलारीले सगरमाथा आरोहण गरेयता सगरमाथामा मात्रै करिब १४ हजार टन फोहोर तथा तीन सयभन्दा बढी मृत शरीर रहेको अनुमान गरिएको छ।

सेनाको अगुवाइमा सफाइसँग सरोकार राख्ने विभिन्न सरकारी एवं गैरसरकारी संघ संस्थासँगको समन्वयन र सहकार्यमा अभियान सञ्चालन हुँदैआएको छ। प्रदूषण नियन्त्रण र जलवायु परिवर्तनले पर्यावरणमा पुऱ्याएका असरलाई कम गर्ने तथा पर्वतीय अर्थतन्त्र अभिवृद्धि गर्ने लक्ष्यका साथ अभियान सञ्चालन गरिएको छ।

पर्यटक र पर्वतारोहीलाई आकर्षित गर्न तथा भावी पुस्ताका लागि हिमाल संरक्षण गर्न अभियानले ठूलो योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

यस वर्षको अभियानका लागि पूर्वतयारी र समन्वय तथा तालिम सञ्चालन र जनशक्तिको चयनसमेत भइसकेको छ।

अभियानमा सगरमाथा र ल्होत्सेका प्रमुख सेनानीसहित १३, बरुञ्चेमा सेनानीसहित नौ, अन्नपूर्णमा सहसेनानीसहित १० जना सैनिक टोलीसहित अन्य शेर्पा सहयोगी रहने छन्। सेनाका अनुसार, अभियान यही चैत १४ देखि आगामी जेठ २२ गतेसम्म सञ्चालन हुनेछ।

यसअघि सन् २०१९ मा सगरमाथाबाट कुहिने र नकुहिने गरी १० हजार आठ सय किलो र चार मानव मृत शरीर तथा सन् २०२१ मा सगरमाथा, ल्होत्से, पुमरी, मकालु, धौलागिरि र आमदब्लम हिमालबाट २७ हजार छ सय ७१ किलो फोहोर संकलन भएको थियो। सेनाका अनुसार, सन् २०२२ मा सगरमाथा, ल्होत्से, मनास्लु र कञ्चनजङ्घा हिमालबाट कुहिने सात हजार एक सय ५७ र नकुहिने ३३ हजार आठ सय ७७ केजीसहित दुई वटा मानव कङ्कालसमेत संकलन गरिएको थियो।

सेनाको नेतृत्वमा अभियानमा पर्यटन र वातावरण विभाग, खुम्बु पासाङ ल्हामु र अन्नपूर्ण गाउँपालिका, सगरमाथा राष्ट्रिय निकुञ्ज प्रशासन कार्यालय, हिमालय रेस्क्यु एसोसिएसन, एक्सपिडीसन अपरेटर एसोसिएसन, पर्यटन बोर्ड, नेपाल पर्वतारोहण संघ, ट्रेकिङ एसोसिएसन अफ नेपालको सहभागिता रहनेछ। सगरमाथा प्रदूषण नियन्त्रण कमिटी, कञ्चनजङ्घा र मनास्लु संरक्षण आयोजना, विभिन्न प्रदेश तथा स्थानीय तह, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्रको समेत अभियानमा सहकार्य हुनेछ।

प्रकृतिका अनुपम वरदानमध्ये मोतीजस्तै टल्कने हिमाली शृङ्खलाले नेपाललाई विश्वमै परिचित र समृद्ध तुल्याएको छ।

नेपाल र नेपालीको पहिचानलाई सगरमाथाको उचाइले संसारभर नै गौरव बढाएको छ। सगरमाथासहित नेपालका विभिन्न हिमाल आरोहणको यात्रामा स्वदेशी तथा विदेशी गरी हजारौंको सहभागी भइसकेका छन्।

पछिल्ला वर्षमा हिमाल आरोहण देखिएको आकर्षणले हिमाल र हिमाली क्षेत्रमा भएको प्रदूषणले हिमालको साख र सुन्दरता कायम राख्न चुनौती खडा गरेको छ। सोही पक्षलाई दृष्टिगत गर्दै सेनाले प्रकृति र पर्यावरण संरक्षणमा सहयोग गर्ने हेतुले 'सफा हिमाल अभियान' सञ्चालनलाई प्राथमिकतामा राखेर काम गर्दैआएको छ।

सेनाले विसं २०७६ बाट सफा हिमाल अभियान सुरु गरेको हो। नेपालका हिमशृङ्खला विश्वका साहसिक पर्यटकको रोजाइको पहिलो गन्तव्य हुन्। अभियानअन्तर्गत संकलन गरिएका पुनः प्रशोधन गर्न सकिने फोहोर काठमाडौं ल्याइने गरिएको छ भने कुहिने फोहोर स्थानीय निकायसँगको सहकार्यमा तत् तत् क्षेत्रमै व्यवस्थापन गरिँदैआएको छ।

अभियानका क्रममा समुदायसँग सहकार्य गर्दै सम्बन्धित हिमालसम्म पुग्ने पदमार्ग र इलाकामा पर्ने बस्तीमा फोहोर सफा गर्नुभन्दा फोहोर नै हुन नदिन सचेतना कार्यक्रम पनि सञ्चालन गरिँदैआएको छ।

सफा हिमाल अभियान प्रकृति र पर्यावरण सरक्षणमा नयाँ आयाम बनेको प्रवक्ता भण्डारी बताउँछन्। अभियानका क्रममा सेनाको टोलीले तत्तत् हिमाल आरोणको प्रयास गर्नेछ। राष्ट्रिय सुरक्षा, प्रकृति संरक्षण, विकास निर्माण, विश्व शान्ति स्थापना र विपद् व्यवस्थापनलगायत हिमाल संरक्षणमा समेत सेनाको महत्वपूर्ण योगदान हुँदै आएको छ।

# रजत जयन्तीको अवसरमा रक्तदान



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, ४ चैत

होटल व्यवसायी संघ बाँकेले आफ्नो रजत जयन्तीको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। 'रक्तदान महादान' भन्ने मूल नाराका साथ शनिबार गरिएको कार्यक्रममा ५५ जनाले रक्तदान गरेका छन्।

होटल व्यवसायी संघ बाँकेको आयोनामा र सामुदायिक (प्रहरी) सेवा केन्द्र नेपालगन्जको सह-आयोजनामा नेपालगन्जको न्यूर ोडस्थित न्यू इन्द्रेणी होटलका सञ्चालक घनश्याम थापाको संयोजकत्वमा कार्यक्रम सम्पन्न भएको हो।

होटल व्यवसायी संघ बाँकेका अध्यक्ष रंगबहादुर खड्का र इन्द्रेणी होटलका सञ्चालक घनश्याम थापाले प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्राकिधिक होमराज गिरीलाई संयुक्त रुपमा रगत संकलन गर्ने पाकेट हस्तान्तरण गरेर कार्यक्रमको उद्घाटन गरेका थिए।

रक्तदान कार्यक्रम घनश्याम थापा क्षेत्री, टीना चौधरी, रुपेश थारु, मित्रलाल शर्मा, मायाराम चौहान, प्रेमबहादुर सापकोटा, मेघराज वर्मा, राम श्रेष्ठ, राजेश कुमार मिश्र, यम बहादुर कार्की, महेन्द्र येरी, रमा बुढामगर, मोहन राना, अरुण कुमार श्रेष्ठ, शर्की शेर्पा, अनिल विक, विजय पोखेल, मनोज चन्द, दुर्गा पुन, हेमन्त सापकोटा, करन बोगटी, दिनेश थापा, प्रतीक थापा, तारा थापा, विनोद पौडेल, सन्तोष रोकामगर, भरत गुप्ता, टिका बिसी, पुष्प कुमार बस्याल, दयाराम पाण्डे, दिलिप कुमार कुम्हार, रबिन कुमार शाही, नविन जिसी, सिरज चौधरी, विजय कुमार खडका, राकेश बस्नेत, सुरज श्रेष्ठ, रमेश कुमार बुढा, रुपलाल विक, उमेश धोबी, कालीराम चौधरी, शून्य सुनार, मनिष सुनार, बिजय कुमार शाही, स्मीन कुमार, पुष्करबहादुर विष्ट, शिव कुमार श्रेष्ठ, मोहन, अन्जित पुन रोका, सन्तोष, हरिप्रसाद पौडेल, नरबहादुर, भोला शर्मा, बाल कृष्ण पुन, दिलिप कार्की, नविन शाही, कालिका, दुर्गा बहादुर विक, अनुजा श्रेष्ठ, तिर्थराज रोकायलगायत ५५ जनाले रक्तदान गरेका छन्।

रक्तदान कार्यक्रममा सामुदायिक (प्रहरी) सेवा केन्द्र नेपालगन्जका अध्यक्ष दिपेन्द्रकुमार जोशी, होटल व्यवसायी संघ बाँकेका पदाधिकारी लगायतको उपस्थित रहेको थियो। रक्तदान कार्यक्रमा प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका होमराज गिरी, रामभक्त लम्साल, सुनिल रत्गैया, सञ्जय बढही, वीरेन्द्र योगीलगायतले प्राविधिकरुपमा सहयोग गरेका थिए।

# गाडीको ठक्करबाट पैदलयात्रीको मृत्यु



**काठमाडौं/मस**–काठमाडौं महानगरपालिका-९ तिलगंगामा ना३ख ६०६४ नंको गाडीको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ।

गाडीको ठक्करबाट गम्भीर घाइते सिन्धुपाल्चोक जलवीरे गाउँपालिका-९ घर भई हाल काठमाडौंको सिनामंगल डेरा गरी बस्ने ७५ वर्षीया चन्द्रमाया बस्नेतको काठमाडौं मेडिकल कलेज सिनामंगलमा उपचारका क्रममा मृत्यु भएको हो। गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिइएको प्रहरी वृत्त गौलाशाका प्रहरी नायब उपरीक्षक सञ्जीवबाबु खड्काले बताए।

यसैबीच काठमाडौं महानगरपालिका-१६ सोह्रखुट्टेचोक नजिकै सडकपेटीमा दोलखा चरिकोट घर भएकी ५५ वर्षीया गौरी भन्ने कमला गोले मृतावस्थामा फेला परेकी छिन्। मृत्युको कारण नखुलेको र अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

काठमाडौंको चन्द्रागिरि नगरपालिका-२ नागढुंगाबाट अवैध लागुऔषध खैरो हेरोइनसहित बर्दिया मधुवन गाउँपालिका-६ बस्ने २१ वर्षीय अर्जुन खत्रीलाई शनिबार प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग नागढुंगाबाट खटिएको प्रहरीले बर्दियाबाट काठमाडौं आउँदै गरेको भे१ख ३५३१ नंको बस जाँच गर्ने क्रममा उनलाई उक्त लागुऔषधसहित फेला पारी पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक नारायणप्रसाद अधिकारीले जानकारी दिए।


## लुम्बिनी प्रदेश सरकार
## खानेपानी, ग्रामिण तथा सहरी विकास मन्त्रालय
## सहरी विकास तथा भवन कार्यालय
नेपालगंज, बांके

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सुचना नं. १८/०७९-०८०
प्रकाशित मिति : २०७९-१२-०५

यस कार्यालयबाट मिति २०७९/१०/११ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सुचना तथा www.bolpatra.gov.np/egp मार्फत आव्हान गर्दा दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी भई स्वीकृतीको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन-२०६३ को दफा-२७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपसिलः-

| सि.न. | ठेक्का न. | योजनाको नाम | बोलपत्रपत्र दाताको नाम | कबोल अंक (With PS &VAT) |
|---|---|---|---|---|
| १. | UDBO/BANKE/NCB/WORK/MOSQUE.BLG/079-080/51 | Construction of Aidari Misbahiya Gulsane Danish Mosque Building at Nepalgunj-6, Banke | श्री राज बिल्डर्स, नेपालगंज-१२ बाँके | ३३,४५,७७४.०७ |
| २. | UDBO/BANKE/NCB/WORK/CHACHARFARKA.ROAD/079-080/52 | Upgradation of Road from south of Suntepari towards Chacharfarka Gaun, Raptisonari-5, Banke | श्री सदभाव निर्माण सेवा, राप्तिसोनारी-०४ बाँके | २८,७३,२२९.६३ |
| ३. | UDBO/BANKE/NCB/WORK/HIGHMASTLIGHT.BANSAGADHI/079-080/53 | Construction & Fitting of High Mast Light at Market Area Bansagadhi-05 Bardiya | श्री एक्सन एक्टिभ ईनर्जी प्रा.लि. काठमाण्डौं-२६, मित्रनगर | २३,२९,७४२.५५ |

कार्यालय प्रमुख



## Simta Rural Municipality
## Office of the Rural Municipal Executive
Rakam, Surkhet
Karnali Province, Nepal

**Invitation For Bids**

Date of Publication: 2079/12/5 (March-19, 2023)

**Simta Rural Municipality, Office Of Municipal Executive, Rakam, Surkhet** invites bid for eligible bidder for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Estimated Amount With VAT and PS (NRs.) | Bid Security Amount (NRs.) | Non-Refundable Fee for Bid Document Purchase (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | SRM/NCB/WORKS/05-2079/80 | Construction of Recharge pokhari sahit sahid rishi smriti chakrapath sadak starunnati, simta-1, Ghoreta | 90 Days | 5,496,295.74 | 138,000.00 | 3,000.00 |
| 2 | SRM/NCB/WORKS/06-2079/80 | Construction of Recharge pokhari sahit sahid Indra B.C druta marga starunnati, simta-9, khanikhola | 90 Days | 4,999,663.52 | 125,000.00 | 3,000.00 |
| 3 | SRM/NCB/WORKS/07-2079/80 | Construction of Mukhiya Tol Jhyama Bakhark sadak | 90 Days | 3,999,145.5 | 100,000.00 | 3,000.00 |

**Further Information to bidders:**

| | |
|---|---|
| **Last date and time of Bid Submission** | 2080/1/5 (April-18, 2023) (Upto 12:00 Noon) |
| **Date, Time and Place of Bid Opening** | 2080/1/5(April-18, 2023);at 1:00 PM,At Simta Rural Municipality Office, Rakam, Surkhet |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account No. For Bid Document Purchase** | Laxmi Bank Limited, Rakam, Jamunea Bazar A/c Name: Rajaswa, khata, A/c no.: 08003000021 |
| **Account No. For Bid Security Deposit** | The Bidder shall furnish a bid security from any commercial bank or financial institutions valids for 30 days beyond. Laxmi Bank Limited, Rakam, Jamunea Bazar, A/c Name: dharauti, khata A/c no.: 08003000021 |

1. Bidder Shall submit their bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Simta Rural Municipality Office, Rakam, Surkhet.
2. If the last date of submission and opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Ass.Chief Administrative Officer**

# पुटिनविरुद्ध पक्राउ पुर्जी जारी, रुसद्वारा निन्दा



**काठमाडौं/एजेन्सी–** द हेगस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी)ले युक्रेनमा युद्ध अपराध गरेको आरोपमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ । उनले १६ हजारभन्दा बढी युक्रेनी बालबालिकालाई गैरकानूनी रूपमा देश निकाला गरेको आरोपमा पक्राउ पुर्जी जारी गरेको हो ।

आईसीसीले बालबालिकाको अधिकारसम्बन्धी रुसी राष्ट्रपतिका आयुक्त मारिया लभोभा बेलोभाविरुद्ध पनि सोही आरोपमा पक्राउ पुर्जी जारी गरेको बताएको छ । आईसीसी सदस्य देशका सरकारको सहयोग बिना संदिग्धहरूलाई पक्राउ गर्ने अधिकार अदालतलाई नभएकाले पुष्टिन र मारिया पक्राउ पर्ने सम्भावना अति कम छ ।

मस्कोले आईसीसीका आदेशलाई अर्थहीन भन्दै खारेज गरेको छ । साथै मस्कोले आरोप अस्वीकार गर्दै पक्राउ पुर्जी जारी हुनुलाई अपमानजनक भनेर त्यसको निन्दा गरेको छ। रुसी नेता पुटिन आईसीसीले पक्राउ पुर्जी जारी गरेका तेस्रो बहालवाला राष्ट्रपति भएका छन् ।

रुस आईसीसीको पक्ष राष्ट्र नभएकाले राष्ट्रपति पुटिन पक्राउ पर्ने सम्भावना छैन । अर्थात् द हेगमा रहेको उक्त अदालतको आदेश त्यहाँ कार्यान्वयन हुने कुनै आधार पनि छैन । यद्यपि त्यसले राष्ट्रपति पुटिनको अन्तर्राष्ट्रिय यात्रामा असर पर्नसक्छ ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको सदस्यता लिएका विश्वका एक सय २३ सदस्य राष्ट्रमध्ये कुनैमा उनले पाइला राखेमा उनलाई पक्राउ गर्न सकिनेछ । आईसीसीका अध्यक्ष पिओटर होफमान्स्कीले पक्राउ आदेश कार्यान्वयन अन्तर्राष्ट्रिय सहयोगमा निर्भर हुने बताएका छन् ।

युद्धग्रस्त युक्रेनले राष्ट्रपति पुटिनविरुद्ध आईसीसीले पक्राउ पुर्जी जारी गरेकामा त्यसको स्वागत गरेको छ । राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले अदालतको कदमलार्य ऐतिहासिक निर्णय भन्दै स्वागत गरेका छन् ।

चिनियाँ राष्ट्रपति सी जिनपिङको आगामी साता हुने मस्को भ्रमण तथा रुसलाई चीनले सैन्य सहायता गर्ने समाचार सार्वजनिक भइरहेका बेला जारी भएको आईसीसीको आदेशले अन्तर्राष्ट्रिय जगत्मा तरंग पैदा गरेको छ ।

यसैबीच अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि आफ्ना रुसी समकक्षी पुटिनविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतले पक्राउ पुर्जी जारी गरेकामा त्यसको स्वागत गरेका गरेका छन् । राष्ट्रपति पुटिनले युक्रेनमा युद्ध अपराध गरेको ठहर गर्दै पक्राउ पुर्जी जारी गर्नुलाई अमेरिकी राष्ट्रपति 'न्यायसंगत' भनेका छन्। अमेरिका पनि आईसीसीको पक्ष राष्ट्र होइन । राष्ट्रपति कार्यालय ह्वाइट हाउसबाट आफ्नो डेलावर स्थित निजी निवासतर्फ प्रस्थान गर्नुअघि उनले रुसी राष्ट्रपति पुटिनले 'स्पष्ट रूपमा युद्ध अपराध गरेको' पत्रकारहरूलाई बताए ।

गत महिना जर्मनीको म्युनिखमा आयोजित सुरक्षा सम्मेलनमा उपराष्ट्रपति कमला ह्यारिसले युक्रेनमा रुसले मानवताविरुद्धको अपराध गरेको आरोप लगाउँदै उसलाई दण्ड दिनुपर्ने बताएका थिए ।

## 'अमेरिकी साम्राज्यवाद'विरुद्ध लड्न आठ लाख व्यक्ति भर्ना भएको उत्तर कोरियाली दाबी

**काठमाडौं/एजेन्सी–** प्योङयाङले आफ्नो सबैभन्दा शक्तिशाली अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको केही दिनपछि उत्तर कोरियाली सरकारी सञ्चारमाध्यमले शनिबार आठ लाखभन्दा बढी युवाले 'अमेरिकी साम्राज्यवाद'विरुद्ध लड्न सेनामा सामेल हुन स्वेच्छाले भाग लिएको उल्लेख गरेको छ ।

प्योङयाङको हतियार परीक्षण र बढ्दो आणविक चेतावनीपछि सियोल र वासिङ्टनले सुरक्षा सहयोग बढाएका छन् र यसै साता पाँच वर्षयताकै सबैभन्दा ठूलो संयुक्त सैन्य अभ्यास शुरु भएको छ । उत्तर कोरियाले यस्ता सबै अभ्यासलाई आक्रमणको पूर्वाभ्यासको रूपमा हेर्छ र यसको जवाफमा उसले 'भारी' कदम चाल्ने चेतावनी बारम्बार दिँदै आएको छ ।

कोरियाली केन्द्रीय समाचार संस्था (केसीएनए)ले उत्तर कोरियाली अधिकारीलाई उद्धृत गर्दै जारी सैन्य अभ्यासलाई 'आणविक युद्ध भड्काउने' अमेरिकी प्रयासको रूपमा व्याख्या गरेको छ र यसको जवाफमा लाखौं मानिसहरू भर्ती भएको जनाएको छ ।

### काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/१२/०५**

डडेल्धुरा जिल्ला परशुराम नगरपालिका-१० भित्तेसाल स्थित भागेश्वर सा.व.उ.स को वन क्षेत्रबाट आ.व. ०७९/०८० मा संकलन भएको वन पैदावार जिल्ला वन पैदावार आपुर्ती समितिलाई छुट्ट्याई बाँकी रहेको साल जातको गोलिया थान १०१ को १००२.३३ क्यूफिट काठ, सल्ला जातको गोलिया थान १३ को १७४.४५ क्यूफिट काठ र अस्ना जातको गोलिया थान ३ को ५५.४१ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा दिउसो ठिक १२ बजेभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्सः +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
इटहरी शाखा, इटहरी उपमहानगरपालिका
सम्पर्क फोनः +९७७-०२५-५८६९८३

### निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम श्री मनोगी डोमको नाति, पिचु डोमको छोरा, कोशी प्रदेश सुनसरी जिल्ला, इटहरी उपमहानगरपालिका वडा नं. १ हाल इटहरी - ४ बस्ने ३२ वर्षको श्री दिपक मल्लीक डोमको मिति २०७९/०९/०७ (ई.सं. २२/१२/२०२२) मा मृत्यु भएकोले स्व. दिपक मल्लीक डोमेकी पत्नी हाल इटहरी - ४ बस्ने श्रीमती पुनम जम्दारले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको इटहरी शाखा, इटहरी उपमहानगर पालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CARE-NP A-(Is)
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

# Krishnapur Municipality
## Office Of The Municipal Executive
**Gulariya, Kanchanpur**
**SudhurPaschim Province**

### Invitation for Bid for the Supply and delivery of 4 WD Ambulance and Mortuary Van for Krishnapur Municipality.

Date of publication: 2079/12/05 (19th March,2023)

1. Krishnapur Municipality has allocated fund towards the cost of Supply and delivery of 4 WD Ambulance and Mortuary Van for Krishnapur Municipality and intends to apply part of the funds to cover eligible payments under the following Contract number . Bidding is open to all eligible domestic Bidders.
2. The Krishnapur Municipality,Office of the municipal executive invites electronic bids from eligible bidders for the procurement of Supply and delivery of 4 WD Ambulance and Mortuary Van for Krishnapur Municipality under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders must visit PPMO egp system www.bolpatra.gov.np/egp for detail.
4. Bidders Must download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
   Name of the Bank: Kumari Bank ,Gulariya Branch
   Name of Office: Krishnapur Municipality
   Office Account no.: 2700248216200007(For Bidding Document)
   Office Account no.: 2700248216200004(for Bid Bond)
5. Electronic bids must be submitted to the office of Krishnapur Municipality through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12pm on 18th April,2023. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1pm 18th April,2023 at the office of Krishnapur Municipality, Gulariya,Kanchanpur. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of following rupees, which shall be valid for 30 days beyond the validity period of the bid . ie) 15th July 2023
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Both vehicle will be purchase through revenue rebate.
9. The name and identification of the contract are as follows:

| Contract No | Description of Work | Bid Bond(NRs.) | Estimated Cost (NRs.) | Price of Bid Documents (NRs.) |
|---|---|---|---|---|
| 13-SUP-2079/080 | Supply and delivery of 4 WD Ambulance (Category B) for Krishnapur Municipality | 55,000.00 | 22,00,000.00 | 3000.00 |
| 14-SUP-2079/080 | Supply and delivery of 4 WD Mortuary Van (Sab Bahan) for Krishnapur Municipality | 35,000.00 | 14,00,000.00 | 3000.00 |

**Chief Adminstrative Officer**

# Gadhi Rural Municipality
## Office of Rural Municipal Executive
**Aurabani, Sunsari**

### Invitation For E-Bids

**First Date of Publication: 2079-12-05 (2023-03-19)**

1. Gadhi Rural Municipality, Aurabani, Sunsari invites electronic bids from eligible bidders for the following construction works NCB Bidding procedures.

| S.N. | Contract Identification Number | Description and Location of work | Estimated cost without VAT and contingencies, including PS (NRs.) | Bid Document Fees NRs | Bid Security Amount (NRs.) | Bid Validity Period/ Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | GRM/WORKS/NCB/ BUILDING /06/2079/080 | Shree Dinabhadri School Building Construction (Two Class Room) | 2220391.89 | 3000.00 | 75500.00 | 90 Days/ 120Days | |
| 2 | GRM/WORKS/NCB/ BUILDING/07/2079/080 | Construction of Ward No. 5 Building | 2002358.83 | 3000.00 | 70000.00 | 90 Days/ 120Days | |

| | |
|---|---|
| **Deadline for bid submission** | **2080-01-05 (2023-04-18) till 12:00 noon.** |
| **Date, time and place of bid opening** | **2080-01-05 (2023-04-18) 2:00 PM at Gadhi Rural Municipality, Aurabani, Sunsari** |
| **Bank Account Details for bid document fee** | **System Account Name:** Gadhi Gaupalika- Antarik Rajashwa Khata Ga 1.1<br>**Account no.:** 03015157749<br>**Name of Bank:** Siddhart Bank Ltd, Gadhi Rural Branch |
| **Account Details for bid security amount** | **System Account Name:** Gadhi Gaupalika - Dharauti Khata Ga-3<br>**Account no.:**03015133001<br>**Name of Bank:** Siddhart Bank Ltd, Gadhi Rural Branch |

2. Interested eligible bidders may obtain further information from Gadhi Rural Municipality, Aurabani, Sunsari at office hours or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/
3. Bidding document is available online and can be downloaded from website: https://www.bolpatra.gov.np/egp/ and bidders have to submit their bids through e-GP system of PPMO website: https://www.bolpatra.gov.np/egp/ as specified in instruction to bidder.
4. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

## 'सन्देशमुलक र पर्यटन प्रवर्द्धनसम्बन्धी गीत लेखन रुचाउँछु'

'एउटै छानो एउटै मानो गरौं हुँदैन र, सँगैबसी मानापाथी भरौं हुँदैन र ?' यसै साता युट्युबबाट रिलिज भएको यो गजलको रचना गीतकार प्रकाश सुवेदीले गरेका हुन् । लक्ष्मण शेषको संगीत रहेको यो गजललाई टेकबहादुर बलमपाकीले गाएका हुन् । हेर्ने भन्दा सुन्ने यो गजल अहिले विभिन्न सञ्चारमाध्यमबाट निकै बज्ने गरेको छ । हुन पनि प्रकाश सुवेदी गजल भन्दा गीत बढी लेख्ने गीतकार हुन् । करिब डेढ दशकदेखि यो क्षेत्रमा सक्रिय उनको हालै मात्र यो नयाँ गीत आएको थियो- 'हुन्छ हुन्छ भन्दा भन्दै टार्‍यौ सान्नानी, जवानीभर तड्पाएरै मार्‍यौ सान्नानी' । सिर्जना र सेरोफेरो युट्युव च्यालनबाट सुवेदीको यो गीत गत महिना रिलिज भएको थियो । यसमा गायक आश्रित अधिकारीको स्वर र सुरेश अधिकारीको संगीत रहेको छ । गीतकार सुवेदीले लेखेका थुप्रै गीतहरु यसअघि बजारमा आइसकेका छन् । उनका धेरै गीतहरु लोकप्रिय छन् । गीति लेखनमा पृथक परिचय बनाउन सफल **प्रकाश सुवेदी**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :



**कहिलेबाट यो क्षेत्रमा लाग्नुभयो ?**

मेरो जन्म कास्कीको रुपा गाउँपालिकामा भएको हो । स्कुले जीवनबाटै गीत लेखन यात्रा शुरु गरेको थिएँ । तर उच्च शिक्षा हासिल गर्ने क्रममा काठमाडौं



आएपछि बल्ल गीत रेकर्ड हुन थालेको हो ।

**रेकर्डिङ भएको पहिलो गीत कुन थियो ?**

पहिलो पटक टेलिचलचित्र ' भोलि कहिल्यै देखिँदैन'को शीर्ष गीत रेकर्ड भएको थियो । व्यावसायिक गीतको रुपमा रेकर्ड भएको पहिलो गीत चलचित्र 'गुरु दक्षिणा'को ' नहटोस् स्वाभिमान' हो। यो गीतमा शिव परियारको स्वर र बसन्त सापकोटाको संगीत रहेको छ।

**स्रोता माझ चिनाउन सफल गीत ?**

टेलिचलचित्र 'भोलि कहिल्यै देखिँदैन'को टाइटल गीतबाटै दर्शक श्रोताले मलाई चिन्न थाल्नु भएको थियो । चलचित्र 'गुरु दक्षिणा'को 'नहटोस् स्वाभिमान'बाट थप चर्चा पाएँ । मेरो गीत सुन्नेहरु सबैले तपाईं राम्रो गीत लेख्नु हुँदोरहेछ भन्नुहुन्छ । अब गीति लेखन यात्रालाई अघि बढाउनु पर्छ भन्दै मलाई सबैले प्रेरणा दिएपछि मैले त्यसपछिबाट निरन्तर गीत लेखनलाई अघि बढाइरहेको छु।

**एल्बम पनि निकाल्नु भएको छ कि ?**

चलचित्रबाट गीति लेखन यात्रा शुरु गरेपनि अहिले मैले आधुनिक गीत/गजल लेखनलाई अघि बढाइरहेको छु। मेरो रचनामा एकल आधुनिक गीतिसंग्रह ' भावना', अर्को एकल आधुनिक गीतिसंग्रह 'प्रदीप्त' बजारमा आएको थियो। यी दुई गीतिसंग्रहका गीतले व्यावसायिक गीतकारको रुपमा नेपाली गीति क्षेत्रमा राम्रैसँग स्थापित गरायो मलाई । त्यसलगत्तै संयुक्त गीतिसंग्रह 'प्रीशा' बजारमा आयो । संग्रहमा रहेका ६ वटामध्ये दुई वटा गीत मेरो थियो । सोही समयमा अर्को संयुक्त गीतिसंग्रह 'समिश्रण' पनि बजारमा आएको थियो ।

**गजल र आधुनिकमात्र हो कि अरु शैलीका पनि गीत लेख्नु हुन्छ ?**

विभिन्न शैलीका गीत लेख्दै आएको छु । गजल तथा आधुनिक गीत, पप गीत, लोक, राष्ट्रिय भावको गीत, पर्यटन प्रवर्द्धन, स्थानीय निकाय परिचयात्मक गीत तथा सचेतनामुलक गीतहरु बजारमा आइसकेका छन् । यीमध्ये पर्यटन प्रवर्द्धन, स्थानीय निकाय तथा राष्ट्रिय भावको गीत लेखनतर्फ पनि कलम चलाइरहेको छु। विभिन्न सरकारी निकायसँगको सहकार्यमा स्थानीय निकायतर्फ रुपा गाउँपालिका, दक्षिणकाली नगरपालिका, पनौती नगरपालिकाको परिचयात्मक तथा स्थानीय निकाय प्रवर्द्धन गीतहरु लेखेर दर्शक श्रोतामाझ ल्याइसकेको छु। सरकारी निकायतर्फ नै वैदेशिक रोजगार बोर्डका लागि मैले लेखेको सीपसम्बन्धी गीत पनि निकै रुचाइएको छ । यही गीतबाट उत्कृष्ट सन्देशमुलक गीतकारतर्फको अवार्ड 'आठौं राप्ती अवार्ड' प्राप्त गरें ।

**कोरोनासम्बन्धी गीत पनि लेख्नुभयो, कस्तो प्रतिक्रिया पाउनुभयो ?**

माया प्रेमको गीत त जसले पनि रचना गर्छन्, देश र समाजका लागि केही फरक एवं सन्देशमुलक तथा शिक्षा प्रदान गर्ने गीत लेखौं भन्ने चाहनाअनुसार मैले कोरोनासम्बन्धी गीत लेखें । यस्ता गीतहरु लेख्ने अवसर मलाई धेरै नै मिलेको छ। दुई वर्षअघि विश्व नै कोरोनाग्रस्त हुँदा कोरोनासम्बन्धी तीन वटा सचेतना गीत मैले लेखेको थिएँ । ती तीन वटै गीत रेकर्ड भएर बजारमा आएको थियो र गीतलाई श्रोताले रुचाएका पनि थिए । र, सकारात्मक प्रतिक्रिया मिल्यो ।

**क्यासेट, सिडी एल्बमको जमना हरायो, आयस्रोतको माध्यम ?**

सिडी, क्यासेटको माध्यमबाट व्यापार हुने नेपाली गीत-संगीत डिजिटल बजारमा प्रवेश गरिसकेको छ । यसका लागि युट्युब ठूलो प्लेटफर्म बनिदिएको छ। सँगसँगै गीत निर्माणका प्रक्रिया पनि फेरिएका छन् । प्रविधिको विकासले पहिलेभन्दा सहज बनेको छ गीत निर्माण गर्न । तर अहिले श्रोताका लागिमात्र गीत बनाएर पुग्दैन । दर्शकका लागि पनि हेर्ने गीत बनाउनुपर्ने अवस्था छ ।

**कति जति सिर्जना बजारमा आए होलान् ?**

हालसम्म पाँच दर्जन गीतहरु बजारमा आइसकेका छन् । ती मध्ये चर्चित गीतहरुमा 'तिमीलाई यति सम्झिएछु', 'जति माया लाग्छ मामुको', 'टुक्रिएको देश होइन', ' नभेट्दा त मन यति मिल्छ', 'आउ न सानु', 'हुन्छ हुन्छ भन्दा भन्दै' लगायतका छन् । केही गीतहरु बजारमा आउने तयारीमा छ ।

**टिकटक प्रयोगकर्ताले गीत संगीतमा विकृति ल्यायो जस्तो लाग्दैन ?**

गीतसंगीतको प्रचार प्रसारमा टिकटकले पनि सहयोग पुर्‍याएको छ । चलेका टिकटक प्रयोगकर्तालाई भिडियो बनाउन लगाउनेको भिड पनि बाक्लै छ। तर पनि युट्युबमा भिडियोको भ्युज उस्तो बढेको देखिन्न। प्रचार र चर्चा टिकटकमै सीमित भएका दृष्टान्त प्रशस्तै छन् । सामाजिक सञ्जालको फाइदा र बेफाइदाको बहस आफ्नो ठाउँमा छ । यसले मानिसको जीवनशैलीमा पारेको असर र गरेको परिवर्तनको बहस संसारभर भइरहेकै छ । जहाँसम्म विकृतिको कुरा छ त्यसलाई सुधार्दै लानुपर्छ ।

## गुल्मी समाज कतारको सांस्कृतिक कार्यक्रम सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ४ चैत

गुल्मी सेवा समाज कतारले जिल्लाका गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति अक्षयकोष स्थापनार्थ विविध सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ । गुल्मेली मिलन तथा वनभोजसहित सम्पन्न कार्यक्रममा नेपालबाट सांगीतिक प्रस्तुति दिन आएका र कतारका स्थानीय कलाकारहरूले आफ्ना सांगीतिक प्रस्तुति दिएका थिए । आफ्नो सांगीतिक प्रस्तुति दिन नेपालबाट शान्ति श्री परियार, नृत्याङ्गना रवीना भण्डारी, गायक नन्दु परियार, मोडेल अनिल पौडेल र गायक अमित सुनार कतार आएका थिए ।




लक्ष्मी गिरीको स्वागत नृत्यद्वारा सांगीतिक कार्यक्रमको शुभारम्भ गरिएको थियो । बाबु कौसल, सुरेश बिसी, कमला गुरुङ, गुना मगर, ईश्वर भण्डारी, दीपेन्द्र सुनार र नेपाल मगर संघ कतार शाखाका कलाकार हरूले आफ्ना गीत तथा नृत्य पेस गरे । नेपालबाट आमन्त्रित पाँच जना कलाकारहरूमध्ये अमित सुनारले आफ्नो प्रस्तुति पहिला राखे। उनले सुनका मायालु, गुल्मी छाप हिलेलगायतका आफ्ना हिट नम्बरहरू गाए । उनले आफ्नो पहिलो विदेश यात्रा रहेको बताउँदै आयोजकप्रति कृतज्ञता ज्ञापन गरे। मोडल रवीना भण्डारी र अनिल पौडेलले विभिन्न हिट लोक तथा दोहोरी गीतमा आफ्नो अभिनय तथा आकर्षक नृत्य पेस गरे ।

नेपालबाटै आएका अर्का गायक नन्दु परियारले नन्दनी गीतबाट प्रस्तुति राख्न शुरु गरे । उनले लगभग आधा दर्जन आफ्ना हिट गीतहरू गाए । उनलाई दर्शकले भरपुर साथ दिए। करिब एक हजार दर्शकले भरिएको सहानियाको उक्त हलमा नाच्नेहरूको भीड थियो । शान्ति श्री परियारको प्रस्तुतिमा रम्न र रमाउन दर्शकले साँझसम्म पर्खिरहे । दर्शकको पर्खाइको प्यास मेट्न झमक्क साँझमा बोलमाया गीत गाउँदै शान्ति श्री स्टेज चढिन्। उनले लाहुर जाने रेलबाट उपस्थितलाई नचाइन् । आफूले स्वर दिएका र हिट भएका मध्येबाट पनि उनले आधा दर्जनभन्दा बढी गीत गाइन्। उनले दर्शकको वान्स मोर पाइरहिन् । उनको प्रस्तुति दिइरहँदा दर्शक स्टेज बाहिर बाटोमा समेत नाचिरहेका थिए ।

समाजका सचिव दर्शन सुनार र सांस्कृतिक संयोजक दीपेन्द्र सुनारले मिलेर सहजीकरण गरेको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष मित्र बीएसले स्वागत मन्तव्य तथा कार्यक्रमका बारेमा जानकारी गराएका थिए । समाजका अध्यक्ष कमल अर्यालको सभापतित्व तथा एनआरएनए आईसीसीका उपाध्यक्ष नरेन्द्र भाटको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

भाषणरहित कार्यक्रममा प्रमुख अतिथि भाटले समेत अति छोटो मन्तव्य राखेका थिए । उनले समाजका अग्रज तथा वर्तमान कार्यसमितिप्रति सम्मान व्यक्त गर्दै कार्यक्रम सफलताको शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा सभापति अर्यालले उपस्थित सबैलाई धन्यवाद दिँदै समापन गरेका थिए । मध्यान्ह राष्ट्रिय दैनिक उक्त कार्यक्रमको सञ्चार सहयोगीका रूपमा रहेको थियो ।

## थिएटर अवार्डमा विमल सुवेदीको नाटक

**काठमाडौं/मस-** नेपाली नाट्यकर्मी विमल सुवेदीले निर्देशन गरेको हिन्दी नाटक ' दि डिपार्टेड डाउन' भारतको प्रतिष्ठित अवार्ड 'महेन्द्रा एक्सेलेन्सी थिएटर अवार्ड'को चार विधामा मनोनयनमा परेको छ ।

उनकै लेखनसमेत रहेको नाटक उत्कृष्ट निर्देशन, संगीत, नृत्य र लाइटसहित निर्देशन विधामा मनोनयनमा परेको हो ।

भारतभर मञ्चन हुने नाटकमध्ये उत्कृष्ट नाटकका विभिन्न विधालाई प्रदान गरिने यो अवार्डमा 'दि डिपार्टेड डन' चार सय ९५ बाट छानिएर उत्कृष्ट १० मा परेको हो । यसरी छानिएका दश नाटक मार्चको २५ देखि २९ तारिखसम्म दिल्लीमा मञ्चन हुँदैछन् ।

मनोनयनमा परेको नाटकलाई निर्देशक सुवेदीले चलचित्र बनाउने सिलसिलामा तयार गरेका थिए ।

'जन्मथलो छाड्न बाध्य भएका नेपाली भाषी भुटानीको अवस्था नाटकमा चित्रण गरिएको छ । घर बन्ने प्रक्रियादेखि बनेको घर भताभुङ्ग भएको अवस्थासम्मलाई अभिव्यक्ति गर्ने प्रयास गरेका छौं,' निर्देशक सुवेदीले भने । नेपाली कथा विश्व रङ्गमञ्चमा प्रस्तुत गर्ने उद्देश्यसहित उनले नाटक भारतको अखोका थिएटरका भिक्टर थाउडमसँग मिलेर तयार गरिएको जानकारी दिए । नयाँ दिल्लीमा २५ तारिखका दिन श्रीराम सेन्टरमा प्रदर्शन हुँदैछ ।


**मलेशियामा रोजगार**

कम्पनी : TAN SOI KENG
शहर: MALAYSIA, Kuala Lumpur

पूर्व स्वीकृत मितिः २०७९/१२/०३ चलानी नं.: ६०१९८२९३ LT. No.: 282745

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत १२ गते (26 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ६७८/०६३/०६४

**सोसियल इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.**
धुम्बाराही, काठमाडौं, नेपाल, फोन : ०१-४५२७७५८
**Email :** info@sesnepal.com, gsesnepal@gmail.com, **Website**. www.sesnepal.com
Mobile: 9851128516 | 9819779867 | 9851071724



**KUWAIT मा रोजगार** | कम्पनी : British International Group For Project And Educational Services
शहर: QIBLA

पुर्व स्वीकृत मितिः २०७९/१२/०३ चलानी नं.: ६०१९८३५६ L.T. No.: 282892

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Cleaner | 100 | 50 | स. काममा दक्ष | 85 | ३६,४९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि-अन्तर्वार्ता होटेल इन टुरिष्ट प्यालेस, इटहरी, सुनसरीमा २०७९ चैत ८ गते (22 March 2023) मा हुनेछ ।
प्रि-मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत १० गते (24 March 2023) मा हुनेछ ।
फाईनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौं २०७९ चैत १२ गते (26 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Om International Human Resources Pvt. Ltd.**
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal Mob.: 9851003367 | 9851182358
Tel : 01-4963646 | 9851003367 | 9851182358 | 035-421594 (Branch Office): 9842634874 | 9802714040



**Invitation For Online Bids**

**Bodebarsain Municipality**
**Office of the Municipal Executive**
**Bodebarsain, Saptari**

**IFB No: BBMS/NCB/Works/2079/080-07**
**First Date of Publication: 2079/12/05 (19th Mar 2023)**

1. Bodebarsain Municipality, Bodebarsain, Saptari invites electronic bids for Following Works from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelop Procedure.

| Contract ID No | Name of Project | Estimated Cost with VAT | Bid Security Amount (NRS) | Bid Fee | Bid Validity period |
|---|---|---|---|---|---|
| BBMS/NCB/ Works/2079/080-08 | Construction of Birthing Centre | 99,86,319.73 | 2,50,000.00 | 3000.00 | 120 days |

2. Eligible Bidders may obtain further information From the office of the Bodebarsain Municipality, Bodebarsain, Saptari, Cont.no **9840170894**, email: **bodebarsainmun@gmail.com** or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**
3. For purchasing & submission of bidding documents from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Sanima Bank Limited, Bodebarsain Branch. Saptari.**
   **Name of Office : Bode Barsain Municipality, Office of the Municipal Executive, Bodebarsain, Saptari.**
   **Office Account no. : 106010040000001 GA -1-1(Bodebarsain Municipality, Aantrik Rajaswo Khata)**
4. Bids must be submitted through **www.bolpatra.gov.np**, on or before 12:00 noon on 2080/01/06 (19th Apr 2023). Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at the office of Bodebarsain Municipality, Office of Municipal Executive, Bodebarsain, Saptari on 2:00 pm 2080/01/060 (19th Apr 2023). Bids must be valid for a period of 90 days after bid opening and must be accompanied with above bid security,which shall be valid for 30 days beyond the bid validity period.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**
**Bodebarsain Municipalty**
**Bodebarsain, Saptari**

# आर्मी र मनाङको जित, पुलिस र एनआरटी बराबरीमा रोकिए




**काठमाडौं/मस–** विभागीय टोली त्रिभुवन आर्मी क्लबले राजधानीमा जारी शहीद स्मारक ए डिभिजन लिगमा पाँचौं खेलबाट दोस्रो जित निकाल्दा अर्को खेलमा अर्को विभागीय टोली नेपाल पुलिसले पहिलो अंक जोडेको छ।

आर्मीले फ्रेन्ड्स क्लबबिरुद्ध पुनरागमन २-१ को जित निकाल्न सफल भएको हो । च्यासल मैदानमा शनिवार सम्पन्न खेलको छैटौं मिनेटमा फ्रेन्ड्सका टोरिक जिब्रिनले उपलब्ध गराएको पासलाई रफिक अमिनुले सदुपयोग गर्दै ललितपुरे टोलीलाई अग्रता दिलाएका थिए । अग्रता लिएसँगै रक्षात्मक देखिएको फ्रेन्ड्सविरुद्ध आर्मीले २४ औं मिनेटमा बराबरी गोल फर्कायो । दीपक गुरुङले उपलब्ध गराएको बललाई जिलेस्पीजंग कार्कीले हेडरमार्फत जाली चुमाउँदा पहिलो हाफ बराबरीमा सकिएको थियो ।

दोस्रो हाफमा आर्मीले आक्रामक रणनीतिलाई निरन्तरता दियो । सो क्रममा केही सुनौला अवसर सिर्जना भएपनि आर्मीको अग्रपंक्तिले सदुपयोग गर्न असफल बन्यो । तर इन्जुरी सययमा दीपक गुरुङले गोल गर्दै आर्मीको जित निश्चित गरेका हुन् । पेनाल्टी बक्सभित्र बारम्बार प्रयास किलियर हुन नसकेको बललाई दीपकले जाली चुमाउन सफल भएको थियो ।

दोस्रो हाफमा आक्रामक देखिएको आर्मीका लागि ७४ औं मिनेटमा दिनेश हेन्जनले प्रहार गरेको फ्रिकिकमा दीपकको हेडरबललाई फ्रेन्ड्सका गोलकिपर विशाल सुनारले उत्कृष्ट बचाउँ गरे । लगत्तै फेन्ड्सले काउन्टरको प्रयास गरे पनि असफल भयो । इन्जुरी समयमा फ्रेन्ड्सका जिब्रिनको प्रहारलाई गोलकिपर विकेश कुथुले बचाए ।

यसअघि संकटा र एनआरटीसँग बराबरी खेलेको आर्मीले साविक विजेता मच्छिन्द्रलाई पराजित गर्दा अर्को विभागीय टोली नेपाल एपिएफ क्लबसँग हार व्यहोरेको थियो । यसैगरी सातादोबाटो र खुमलटारसँग पराजय ब्यहोरेको फेन्ड्सले थ्री स्टारसँग बराबरी खेल्दा जावलाखेल युथ क्लबलाई पराजित गरेको थियो । यस जितसँगै आर्मीले पाँच खेलबाट ८ अंक बनाएको छ भने अन्तिम समयमा सम्हालिन असफल फ्रेन्ड्सको पनि समान खेलबाट ४ अंक भएको छ ।

त्यस्तै शनिबार नै भएको अर्को खेलमा मनाङ मर्स्याङ्दी क्लबले पुनरागमन जित निकालेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार मनाङले एपीएफ क्लबलाई २-१ गोल अन्तरले हराएको हो ।

मनाङको जितमा कमल थापा र सेदजामोल दाम्लातजोनोभले एक एक गोल गरे । एपीएफका अर्मान्ड बिडोमले एक गोल गरे । खेलमा एक गोलको शुरुवाती अग्रता उल्टाएर मनाङले जित निकालेको हो ।

३३ औं मिनेटमा अर्मान्ड बिडोमले गोल गर्दै एपीएफलाई शुरुवाती अग्रता दिलाएका थिए । नविन लामाको क्रसमा बिडोमले हेडरमार्फत गोल गरे । तर खेलको ५२ औं मिनेटमा कमल थापाले गोल गर्दै मनाङलाई १-१ गोलको बराबरीमा ल्याए । सुमित श्रेष्ठले एपीएफका बिकी तामाङलाई बिट गर्दै उपलब्ध गराएको पासमा कमलले वान टचमा गोल गरे । त्यसपछि खेलको ७२ औं मिनेटमा उज्वेकिस्तानका विंगर सेदजामोलले गोल गर्दै मनाङलाई २-१ को जित दिलाए ।

यस्तै विभागीय टोली नेपाल पुलिस क्लबले लिगमा पहिलो अंक जोडेको छ । दशरथ रंगशालामा शनिबार पुलिसले न्यु रोड टिम (एनआरटी)सँग १-१ गोलको बराबरी खेल्दै अंक बाँडेको हो ।

पुलिसले एक गोलको अग्रता उल्टाएर एनआरटीसँग बराबरी खेलेको हो । यस अघि पुलिसले लगातार चार खेलमा हार व्यहोरेको थियो । रोमान्चक खेलमा दुबै गोल दोस्रो हाफमा निस्किएको थियो ।

खेलको ६४ औं मिनेटमा दोस्रो हाफमा मैदान छिरेका सन्जिब विष्टले गोल गर्दै एनआरटीलाई शुरुवाती अग्रता दिलाएका थिए । एनआरटी र पुलिसका डिफेन्डरबीच डिफ्लेक्ट हुँदै आएको बल पुलिसका गोलकिपर संजित श्रेष्ठले क्लियर गर्न नसकेको बललाई सन्जिबले पोस्टको जाली चुमाए ।

तर खेलको ७५ औं मिनेटमा प्रताप गुरुङले गोल गर्दै पुलिसलाई १-१ गोलको बराबरीमा ल्याए । उनले खेलको ७५ औं मिनेटमा फ्रिकिकमार्फत उत्कृष्ट गोल गरे । त्यसबाहेक दुबै टोलीले पाएको केहि अवसरलाई सदुपयोग गर्न सकेनन् ।

खेलको १८ औं मिनेटमा एनआरटीका लालनुनजामाको सशक्त प्रहारले पोस्टको दिशा लिन सकेन । २० औं मिनेटमा निकोलस सङको क्रसमा दिपेश आले मगरको हेडर पोस्टमा लाग्दै बाहिरिदा एनआरटीले अग्रता लिने मौका गुमाएको थियो । खेलको ४३ औं मिनेटमा पुलिसका प्रताप गुरुङको फ्रिकिक पोस्ट भन्दा निकै माथिबाट बाहिरिएको थियो ।

पहिलो अंक जोडेसँगै पुलिसले ५ खेलमा १ अंक जोडेको छ । पुलिस अंक तालिकाको पुछारमा रहेको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/१२/०५**

**बशिष्ठ कोचिङ्ग एण्ड ट्रेनिङ सेन्टर प्रा.लि.** को मिति २०७९/०८/२९ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बशिष्ठ कोचिङ्ग एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि.नं.: १४९०२५)** कायम गर्ने गरी मिति २०७९/०९/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१२/०५**

**जुनतारा मिडिया प्रा.लि.** को मिति २०७९/१०/०६ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **राधा कृष्ण बडि बिल्डर्स एन्ड वर्कसप प्रा.लि. (प्रा.लि.नं.: १२६८७९/०७१/०७२)** कायम गर्ने गरी मिति २०७९/११/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## साउदीमा रोजगार

कम्पनी : ARAB BREAD HOUSE TRADING EST
शहर : ONIZA

पूर्व स्वीकृत मितिः २०७९/१२/०३ चलानी नं.: ६०१९८३३६ L.T. No.:282804

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | General Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत १२ गते (26 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com


## Sailyashikhar Municipality
### Office of the Municipal Executive
**Gokuleshwar, Darchula**
**Sudurpaschim Province, Nepal**

## Invitation for Bids

**Date of publication: 2079/12/05**

1. Shailyashikhar Municipality office invites electronic bids from Nepalese eligible bidders for the construction of Thulsaini Godhari Baskhet Road under National Competitive Bidding procedures.

| S.N | Contract ID | Name of the Project | Estimated Amount (Excluding VAT and contingencies) | Bid Security Amount (NRs) | Price of Bidding Document (NRs) | Validity period of the bid | Validity Period of Bid Security |
|---|---|---|---|---|---|---|---|
| 1. | SM/NCB/WORK/02/2079/80 | Thulsaini Godhari Baskhet Road | NRs. 4246289.67 | NRs. 1,50,000/- | NRs. 3000/- | 90 days | 120 days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shailyashikhar Municipality, Gokuleshwar, Darchula, Contact No.: 9848681122, 9860556156 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who choose to submit their bid electronically or may download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (i.e. NRs. 3000) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Office Name of the Bank: Nepal Investment Mega Bank Ltd.**
   **Name of Office: Shailyashikhar Municipality**
   **Office Account No.: 29701400000079 (Bid Document Fee)**
   **Office Account Number: GA-3 3170010000232 ( For Bid Security Amount)**
5. Electronic bids must be submitted to the office of Shailyashikhar Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 /noon on 2080/01/05. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' represnetatives who choose to attend at 14:00 PM on 2080/01/05 at the office of Shailyashikhar Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 1,50,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and for submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Surendra Bahadur Bista**
**Chief Administrative Officer**

## Sabhapokhari Rural Municipality
### Office of The Rural Municipal Executive
### Barhabise, Sankhuwasabha
### Koshi Province, Nepal

## Invitation for Electronic Bids

First Date of publication: **2079/12/05**

1. ***Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha*** invites electronic bids from Nepalese eligible bidders for the construction of following works :-

| Contract ID | Description of work | Estimated Amount (in Rs.) with Vat | Bid Security Amount (In Rs.) | Remarks |
|---|---|---|---|---|
| **SPRM/BDD/NCB/03/079/80** | **Barhabise to Khandbari Road Upgrading works (Lebrang Danda-Pangtha Khola Sector)** | **99,87,194.32** | **2,50,000.00** | **Online.** |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Sabhapokhari Rural Municipality, Sankhuwasabha, Tel No:- 029413090 website www.savapokharimun.gov.np*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost( **NRs. 3000.00**) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: ***Prime Commercial Bank, Sabhapokhari***
   Name of Office: ***Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha***
   Office Account no.: ***06900231CA(Dharauti Khata)For Bid Security Deposite***
   Rajaswa(revenue) Shirshak no. : ***06900222CA (For Bid Document Purchase)***
4. Electronic bids must be submitted to the office ***Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha*** through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00 PM*** on ***2080/01/05***. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 PM on 2080/01/05*** at the office of ***Sabhapokhari Rural Municipality, Sankhuwasabha***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NRs. 2,50,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid.
6. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
7. *The Purchaser reserves the right to accept or reject,* wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# नेपाल फाईभपी अन्तर्राष्ट्रिय प्रदर्शनीको तयारी अन्तिम चरणमा

3rd Edition NEPAL 5P INTERNATIONAL EXPO
PLASTIC · PAPER · PRINTING · PACKAGING · PROCESSING

**चैत्र १० देखी १२ गते सम्म**
**भृकुटीमण्डप, काठमाडौं**

**काठमाडौं/मस –** नेपाल फाईभपी अन्तर्राष्ट्रिय प्रदर्शनी काठमाडौंको भृकुटीमण्डपमा चैत १० गतेदेखि गर्ने तयारी अन्तिम चरणमा पुगेको छ। प्लाष्टिक, पेपर, प्रिन्टिङ, प्याकेजिङ, प्रोसेसिङसँग सम्बन्धित उक्त पदर्शनीमा मिडिया स्पेस सोलुसन्स र फ्युचरेक्स ट्रेड फेयर एण्ड ईभेन्टस् प्रालिको संयोजन गर्दैछन्।

प्लाष्टिक, पेपर, प्रिन्टिङ, प्याकेजिङ, प्रोसेसिङसँग सम्बन्धित उद्योगहरुलाई सहयोग पुऱ्याउने र तीनैसँग सम्बन्धित मेसिन र प्रविधिको बारेमा जानकारी गराउने उद्देश्यले उक्त पदर्शनीको आयोजना गरिएको मिडिया स्पेस सोलुसन्सका प्रबन्ध निर्देशक श्रीजल भट्टराईले मध्यान्हलाई बताए। प्रदर्शनीमा स्वदेशी तथा विदेशी कम्पनीका एकसय भन्दा बढी स्टल राख्ने तयारी गरिएको र करिब सम्पूर्ण स्टल बुकिङ हुन लागेको उनले बताए। नेपालमा प्लाष्टिक, पेपर, प्रिन्टिङ, प्याकेजिङ, प्रोसेसिङसँग सम्बन्धित उद्योग स्थापना गर्न चाहनेहरुलाई मेसिन उत्पादकहरुले विकसित नयाँ प्रविधि प्रदर्शन गर्ने र उनीहरुले त्यसबाट लाभ लिन सक्ने उनले बताए। 'अहिले हामीले देखाउन खोजेको मेसिनरी हो, यहाँ उद्योग स्थापना गर्न चाहनेहरुलाई चाहिने मेसिनरी अहिलेसम्म नेपालमा उत्पादन भएको छैन', उनले भने, 'त्यसैले त्यस्ता मेसिनरी सामग्री र प्रविधि सम्बन्धित उद्योगहरुले त्यहाँबाट पदर्शनी गर्ने र जानकारी गराउने काम गर्नेछन्।'

मेसिन तथा प्रविधिसँग सम्बन्धित विदेशी कम्पनीहरुसँगै नेपालका प्याकेजिङ, लेबल प्रिन्टिङ बाराकोड प्रिन्टिङ लगायतका कम्पनीहरु पनि प्रदर्शनीमा सहभागी हुने निर्देशक भट्टराईले बताए। फाइभपी प्रदर्शनीमा बिक्री वितरणको कार्य नहुने तर इच्छुकहरुले सामग्रीको बुकिङ गर्नसक्नेछन्। प्रदर्शनीमा फाइभपीसँग सम्बन्धित उद्यम गर्न चाहने र उद्यमको विषयमा जान्न चाहनेहरु अवलोकन गर्न आउने उनले बताए।

देशभर रहेका सरोकार राख्ने व्यापार-व्यवसायलाई एकै ठाउँ ल्याएर व्यापार साझेदारी गर्नका लागि साझा मञ्च प्रदान गर्नका लागि पनि उक्त प्रदर्शनीको आयोजना गरेको भट्टराईले बताए। उनका अनुसार प्रदर्शनी अवधि भर २५ हजार भन्दा बढीले अवलोकन गर्ने अपेक्षा छ।

विदेश गएर आर्जन गरेको र नेपालमा केही गर्न चाहने युवाहरुले पनि पदर्शनीमा आएर उद्यमको विषयमा जान्न सक्ने भट्टराईको भनाइ छ। 'एउटा साधारण मान्छे पनि प्रदर्शनीमा आएर हेरेपछि व्यवसाय शुरु गरोस भन्ने वातावरण बनाउन खोजेका छौं हामीले', उनले भने, 'मानौं कोही वैदेशिक रोजगारीमा गएर आउनुभएको छ र उहाँले केही काम गर्न चाहनुहुन्छ भने २/४ लाखको लगानीमा पनि केही न केही व्यवसाय शुरु गर्न सक्ने प्रविधि तथा मेसिनरीको विषयमा जान्न सक्नुहुन्छ।'

प्रदर्शनीमा अवलोकनकर्ताहरुलाई निःशुल्क प्रवेश गर्न सकिने व्यवस्था आयोजकले गरेको छ। तीन दिन सम्म सञ्चालन हुने उक्त प्रदर्शनीमा उद्योग र व्यापार-व्यवसायलाई निर्यातका नयाँ अवसरहरू, नवीनतम प्रविधिसँग साक्षात्कार गराउनुका साथै विभिन्न उद्योगहरूबीच प्रविधि साटासाट र सहकार्य गर्न प्रोत्साहित गर्ने अपेक्षा लिएको पनि भट्टराईले बताए। अहिले पनि उक्त प्रदर्शनीमा स्टल राख्न चाहनेहरूले बुकिङ गर्न सक्ने उनले बताएका छन्।

# नागरिक लगानी कोष स्थापनाको तेत्तीसौं वर्षमा

**काठमाडौं/रासस –** नागरिक लगानी कोष स्थापनाको ३३औं वर्षमा प्रवेश गरेको छ। बचतमा प्रोत्साहन गरी लगानी बढाउने, अवकाश कोष तथा सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्ने र पूँजी बजारमा गतिशीलता ल्याउने उद्देश्यले २०४८ सालमा स्थापना भएको कोषले हालसम्म दुई खर्बभन्दा बढी लगानी गरिसकेको जनाएको छ।




कोषका अनुसार चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा दुई खर्ब पाँच अर्ब ६९ करोड लगानी गरेको छ। सोही अवधिमा कोषको खुद कोष मौज्दात रकम दुई खर्ब छ अर्ब १९ करोड छ। हालसम्म मुद्दती निक्षेपमा एक खर्ब छ अर्ब २६ करोड, धितोपत्रमा २८ अर्ब २६ करोड १३ लाख, कोषका सहभागीलाई सापटी तथा आवास कर्जामा ४५ अर्ब ९२ करोड १५ लाख र समकालीन कर्जामा २२ अर्ब ६९ करोड ८० लाख लगानी गरेको कोषले जनाएको छ। पुस मसान्तसम्ममा अधिकृत पूँजी र जारी पूँजी समान आठ अर्ब रहेको कोषको चुक्ता पूँजी चार अर्ब २५ करोड १० लाख रहेको छ।

नागरिक लगानी कोषमा सरकारको २३ दशमलव ३४ प्रतिशत शेयर स्वामित्व छ। त्यस्तै राष्ट्रिय बीमा संस्थानको ३१ दशमलव ५५, नेपाल स्टक एक्सचेन्जको १०, अन्य बैंक तथा वित्तीय संस्थाको १५ दशमलव ११ र सर्वसाधारणको २० प्रतिशत स्वामित्व छ। लगानी कोषले कर्मचारी बचत वृद्धि अवकाश कोष, बीमा कोष, उपदान तथा पेन्सन कोष, लगानीकर्ता हिसाब योजना, नागरिक एकाङ्क योजना, नागरिक पेन्सन योजना, लगानी व्यवस्थापन, ब्रिज ग्याप लोन, सहभागी कर्जा, परियोजना कर्जा, धितोपत्र लगानीजस्ता कार्यक्रम कार्यान्वयन गरिरहेको जनाएको छ।


## Roshi Rural Municipality

Roshi-07, Kavre

Bagmati Province, Nepal

### Notice For Tender Publication

Date of Publication:2079/12/05

This is to notify that online invitation for bids published for following project listed in the E-GP System(https://bolpatra.gov.np/egp) of government of Nepal, Bidders can only bid electronically for further details bidders are Requested to visit the project office at Roshi-7, Kavrepalanchok or PPMO' Website https://bolpatra.gov.np/egp

| Name of the Project | Contract ID | Bid Security Amount (NRs) | Bid Document Fee (Nrs) |
|---|---|---|---|
| Final Work of Damphu RRM/FDJS/W/NCB/ Sangralaya,Roshi-11 | RRM/FDJS/W/NCB/ | 1,90,000 | 3000 |

Chief Administration Officer


# सामाजिक सुरक्षा कोषद्वारा पौने चार अर्ब दाबी भुक्तानी

**काठमाडौं/मस –** योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरेको सामाजिक सुरक्षा कोषले हालसम्म पौने चार अर्ब दाबी भुक्तानी गरेको छ। हालसम्म कोषले विभिन्न सामाजिक सुरक्षा योजनाअन्तर्गत योगदानकर्तालाई तीन अर्ब ७८ करोड भुक्तानी गरेको हो।

कोषले औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ। कोषले २०७६ देखि विभिन्न योजनाको दाबी भुक्तानी गर्दै आएको छ।

कोषले औषधोपचार सुविधाबापत ४४ करोड ५९ लाख ९६ हजार, दुर्घटना तथा अशक्तता सुरक्षा सुविधाबापत पाँच करोड ४५ लाख १७ हजार, आश्रित परिवार सुरक्षा योजनाअन्तर्गत छ करोड ४६ लाख ६३ हजार र वृद्धावस्था सुरक्षा योजनाबापत तीन अर्ब २१ करोड ६५ लाख ७१ हजार दाबी भुक्तानी गरेको छ।


## धनपालथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सोराभाग,मोरङ्ग

१ नं प्रदेश नेपाल

### बिधुतीय बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/१२/०५)**

यस धनपालथान गाउँपालिकाको आ.व.२०७९/८० को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत तपसीलमा उल्लेखित योजनाहरु ठेक्का प्रकृयाबाट संचालन गर्नु पर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायीवाट रीतपूर्वकको E–Bidding (बिधुतीय बोलपत्र) आह्वान गरीएको छ।

**तपशिलः**

| क्र. सं. | ठे.नं. | ठेक्का विवरण | ल.ई.रकम (मू.अ.कर र पि एस वाहेक) | धरौटी रकम | बोलपत्र पेश गर्ने प्रकृया | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | DPTRM/ SBG/NCB २३/२०७९/०८० | ठनठनिया हनुमान मन्दिर देखि भवानीपुर हुदै पैटा पिपल चौक सम्म सडक स्तरउन्ति तथा कालोपत्रे धनपालथान ०२ | रु.५५,९५,१७।१७ | रु.१,५५,०००।०० | E–Bidding | ३०००।०० |
| २ | DPTRM/ SBG/NCB २४/२०७९/८० | बतासु घर देखि गदिया खोला हुदै दलिगछ सम्म सडक स्तरउन्ति तथा कालोपत्रे धनपालथान ०२/०७ | रु.५६,५१,१०१।८१ | रु. १,५५,०००।०० | E–Bidding | ३०००।०० |

**शर्तहरुः**

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिबाट ३१ औं दिन १२ः०० वजे भित्र E–Bidding मार्फत www.bolpatra.gov.np को माध्यमबाट बोलपत्र पेश गर्न सकिनेछ। बोलपत्र दस्तुर वापतको रकम धनपालथान गा.पा.को कर्सिया स्थित नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लि., मा रहेको आन्तरीक राजस्व खाता नं. **२९५०१४०००००४८** मा जम्मा गरेको भौचर समेत पेश गर्नुपर्नेछ।

२) E–Bidding बोलपत्र को साथमा ठेकेदार इजाजत पत्र, स्थायी लेखा नम्वर, मु.अ.कर दर्ता नम्वर, आ.व.२०७८/०७९ को कर चुक्ता प्रमाणपत्र आदिको प्रतिलिपी संलग्न गर्नु पर्नेछ। साथै धरौटी वापतको रकमको हकमा यस कार्यालयको नाममा रहेको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लि., कर्सिया स्थित धरौटी खाता नम्वर **२९५०१४००००००२४** मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' श्रेणीको बैंकबाट जारी गरेको कम्तीमा १२० दिन म्याद भएको विडवण्ड (दरभाउपत्र जमानत) पेश गर्नु पर्नेछ।

३) E–Bidding मार्फत पेश भएको दरभाउपत्र ३१ औं दिन दिनको २ः०० बजे देखि नियमानुसार खोलिनेछ।

४) E–Bidding मार्फत बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ।

५) दररेट वा कबोल रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।

६) बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार धनपालथान गाउँ कार्यपालिकाको कार्यालय, सोराभाग, मोरङमा निहित रहनेछ।

७) बोलपत्रको मान्य अवधी दरभाउपत्र खोलेको मितिले ९० दिन रहनेछ।

८) माथि ठेक्का विवरणमा जेजस्तो लेखिएको भएपनि ईस्टीमेट र ड्इत्त मा उल्लेख भएका विवरण अनुसार प्राविधिकको प्रत्यक्ष निर्देशनमा कार्य गर्नु पर्नेछ।

९) थप जानकारी लिन चाहेमा कार्यालय समय भित्र धनपालथान गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राखी लिन सकिनेछ।

१०) अन्य कुराहरु प्रचलित कानून वमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



## इटहरी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**इटहरी, सुनसरी,**

**कोशी प्रदेश, नेपाल**

### उद्योग तथा व्यवसायका लागि उपभोक्ता हित संरक्षणमा जारी सूचना

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादकः **मदनकुमार श्रेष्ठ**